'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Email:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

समाजसेवी जयराम
बासुकलाको २२ औं स्मृतिसभामा
यहाँको उपस्थितिको लागि सादर
अनुरोध गर्दछ ।

मिति: २०८३ साउन २४ गते, आइतबार
समय: बिहान ७:०० बजे
स्थान: देवी मा.वि., सौडोल, ताथली

जयराम स्मृति अक्षय कोष समिति
वा.न.पा. ९, सौडोल, ताथली

★ वर्ष : २८ ★ अङ्क : १९८ ★ ने. सं. ११४६ दिला गा, एकादशी ★ आइतबार ★ २४ साउन, २०८३ ★ August 9, 2026, Sunday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

## जनताले कसबाट सिक्ने ?

काठमाडौं, २३ साउन । पुँजीवादी व्यवस्थामा अत्यन्त बहुमत जनता गरिबी, अभाव, रोगी र राम्रो पढाइबाट वञ्चित हुँदा निर्वाचनको बेला पुँजीवादी शासक दलहरूले भोजभतेर, खानेकुराको पोका, लुगा, खाममा पैसा र घर-घरमा दलालहरूमार्फत पैसा बाँडेर जनताको मत पाउँछन् । उनीहरू खस-आर्य, चौधरी, यादव, विभिन्न हिमाल, पहाड र तराईका जात-जाति र भाषा-भाषीको साम्प्रदायिक नारामा मत माग्छन् । हिन्दू र मुसलमान, क्रिश्चियन र बुद्धमार्गी आदि भनेर शोषकवर्गले धनी र गरिबवर्गको बिचमा फन् फाटो ल्याउन शासक दलका नेता, कार्यकर्ता र दलालहरूले समाजलाई फन् बौद्धिक दरिद्रतामा धकेल्ने काम गर्छन् ।

दुई हप्ताका समाचारहरू 'स्वार्थले सङ्कटमा काङ्ग्रेस', 'आ-आफ्नै दोकान खोल्ने तयारीमा नेताहरू' तथा 'एमाले किचलोले प्रदेश सरकार गठनमा अन्योल' जस्ता शीर्षकहरूले भरिएका छन् । देशमा बारम्बार लामो समय सरकार चलाउने नेपाली काङ्ग्रेस, एमाले, 'कम्युनिस्ट' भनिने प्रचण्ड र माधव नेपालहरूकै समूह, राप्रपा र मधेसवादी दलहरू नै हुन् । वाग्मती र कोसीमा दलको नेता बनाउन 'ओलीको अस्वस्थ चलखेल', 'ओलीको 'मानसिक दबाव' थेग्न नसकेपछि बैठकमै बेहोस भए थपलिया' । नयाँ पत्रिका-२० साउन २०८३)

अहिले गत भदौ २३ र २४ मा उपद्रव र आगजनीबाट देशमा विदेशीका भरमा अभूतपूर्व ध्वंश गरिएको थियो । संरा अमेरिकी प्रशासन र भारतको वर्तमान मोदी सरकारको मिलेमतोमा नेपालको शासनलाई विदेशीहरूले नै चलाउँदै छन् । शक्तिशाली देशहरूको अगाडि नेपालका सेना, प्रहरी, गुप्तचर विभाग 'साख गुमाउँदै गुप्तचर संयन्त्र' (कान्तिपुर-२० साउन २०८३) र प्रशासन लाचार छाया बनेका थिए । यस्तो स्थिति आउनमा हिजोका शासकहरू नै जिम्मेवार छन् ।

तर आश्चर्य छ, हिजोको विध्वंसको खरानी असार र साउनको वर्षाले बगाउन पाएको छैन । पुन: शासक दलहरू 'जसरी भए पनि' या 'नैतिक र अनैतिक' भए पनि कार्यकर्ताहरूलाई पुन: दबाब दिँदै छन् । जनता लाचार छन्, जो जो शक्तिमा हुन्छन् तिनीहरूकै निहोरा गर्छन् 'भाग्यवादी भावना' ले ! इतिहासबाट नसिक्ने देश नै बर्बाद भएका छन् र उपनिवेश र नवउपनिवेश बनेका छन् ।

पुराना शासक दलहरूले विदेशी गैरसरकारी संस्था (एनजीओ) हरूको डलरले समानान्तर अर्थतन्त्र चलाए । देशभित्र खोक्रो बन्यो । विदेशीहरूको निगरानीमा ठुलठुला भ्रष्टाचारका काण्डहरू हुँदै गयो तर तत्काल कारबाही र सजाय भएन । २० औं वर्षदेखि मुद्दा चल्दै छ । नयाँ नयाँ काण्ड पनि चल्दै छन् । तीन वर्षदेखि अवैध रूपमा रकम विदेश लैजाँदै एनसेल 'उद्योग विभागको स्वीकृतिबिनै लगियो रकम', 'विशेषज्ञ जनशक्तिको नाममा कर छली', 'एनसेलकै कर्मचारीले उठाए वैधानिकताको प्रश्न' ।

'एनसेल कर्मचारी ट्रेड युनियनले एनसेलका सीईओ माइकल फोलेलाई लेखेको पत्रबारे समाचारको शीर्षक छ- 'एनसेलको १५ अर्ब ८५ करोड ऋण जोखिममा' (राजधानी- २० साउन २०८३)

वाग्मती र कोशीमा दलको नेता बनाउन ओलीको 'अस्वस्थ चलखेल', 'ओलीको मानसिक दबाव' थेग्न नसकेपछि बैठकमै बेहोस भए थपलिया' । (नयाँ पत्रिका-२० साउन २०८३)

नेपालको जलविद्युत् विदेशलाई ! 'महँगो ग्यास नेपालले किन्ने ? बुद्धि' त सरकारको राम्रो । 'ग्यास अभाव' बारे जनताको मत देखा पर्‍यो- 'व्यवस्थापकीय कमजोरी कि अत्यधिक सञ्चय ।' (कान्तिपुर- २० साउन २०८३) ।

बालाजुस्थित नेपाल ग्यासको उद्योग र टेकुस्थित निगमको पुरानो कार्यालयमा उपभोक्ताको घटेन भिड बरु 'फन् बढ्दै छ असहजता' ।

'अभावबिच ग्यासको मूल्यमा ठगिँदै उपभोक्ता, चुपचाप सरकार' ( नयाँ पत्रिका-२० साउन २०८३) किन ? सरकारको माथिदेखि ग्यास दिने ठाउँसम्मै नाफाखोरहरूको आपसमा मेल हुन्छ । पुँजीवादी व्यवस्थाको यो पनि एक रूप हो ।

## पहिलेको र वर्तमान सरकारको धारणा एउटै

भक्तपुर, २३ साउन । "समाजमा वर्गरहेसम्म वर्गसङ्घर्ष भइरहन्छ । अन्तिममा कामदारवर्गको नै विजय हुन्छ । विश्व सर्वहारा वर्गका नेता कार्ल मार्क्सले यो शिक्षा संसारका जनतालाई दिनुभएको छ ।"

उक्त विचार नेमकिपाका सचिव प्रेम सुवालले नेमकिपा-इनाचो-चोर्चा समितिद्वारा शुक्रबार आयोजित प्रशिक्षण तथा पुनर्गठन कार्यक्रममा व्यक्त गर्नुभएको हो ।

आर्थिक सवाल र विदेश नीतिमा अहिलेको सरकार र पहिलेका सरकार हरूबिच तात्त्विक भिन्नता नरहेको सचिव सुवालले बताउनुभयो ।

भनपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले कार्यकर्ताहरू पार्टीको सिद्धान्त र विचार आत्मसात गर्दै अघि बढ्नुपर्नेमा जोड दिँदै चीन र रुसको वैचारिक द्वन्द्वले नेपालको कम्युनिस्ट पार्टीमा विभाजन भएको बताउनुभयो ।

नेपाली कम्युनिस्ट आन्दोलनमा मतभेद हुनाका कारणबारे प्रस्ट पार्दै उहाँले नेमकिपा स्थापनाका आधारहरूबारे स्पष्ट धारणा राख्नुभयो ।

पार्टी नगर समिति भक्तपुरका प्रतिनिधि नारायणप्रसाद त्वानाबासुले कार्यकर्ताहरूमा पार्टीको सिद्धान्त र देश विदेशमा घटिरहेको घटनाबारे जानकार भइरहनुपर्छ भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष एवं कार्यक्रमका सभापति कृष्णगोविन्द खाइजुले पार्टीले विभिन्न समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा आन्दोलन गरेको प्रसङ्ग उल्लेख गर्दै कार्यकर्तालाई सैद्धान्तिक र वैचारिक ज्ञानबाट पोख्त बनाउन पार्टी प्रकाशन र प्रशिक्षण सञ्चालन गरिरहेको बताउनुभयो ।

कार्यक्रममा एकाइ समितिका उपाध्यक्ष विष्णुराम दुमरुले प्रशिक्षणको आवश्यकताबारे चर्चा गर्नुभयो ।

भेलाले कृष्णगोविन्द खाइजुकै अध्यक्षतामा २० सदस्यीय नेमकिपा इनाचो-चोर्चा एकाइ समिति पुनर्गठन गरेको छ ।

## युवा-विद्यार्थीहरूमा आफ्नो गाउँ नगर आफैले बनाउछौँ भन्ने भावना हुनुपर्ने

भक्तपुर, २३ साउन । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ मधेस-काठमाडौं सम्पर्क समितिको आयोजनामा शनिबार एक विद्यार्थी भेला आयोजना भयो । भेलामा मधेसका जिल्लाहरूबाट काठमाडौं उपत्यकामा अध्ययनरत विद्यार्थीहरूको उपस्थिति थियो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं मधेस प्रदेश समितिका संयोजक प्रमुख सुनिल प्रजापतिले सरकारमा गएका पुँजीवादी पार्टीहरूको सिद्धान्तहीन, भ्रष्ट कार्य र प्रवृत्तिका कारण देश आजको जटिल स्थितिमा पुगेको चर्चा गर्दै इतिहासले अक्षम र अपराधी सिद्ध गरेका पार्टीहरूलाई जनताबिच उदाङ्ग्याउनुपर्छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "शासक पार्टीहरूको विदेशीसामु आत्मसमर्पणकै कारण देशको प्राकृतिक स्रोतसाधन साम्राज्यवादी र भारतीय विस्तारवादीहरूको हातमा पुगिसकेको अवस्थामा छ । युवा-विद्यार्थीहरूमा आफ्नो गाउँ-नगर हामी आफैले बनाउँछौँ भन्ने भावना हुनुपर्छ ।"

नालायक शासकहरूकै कारण त्रिभुवन विश्वविद्यालयमा हुनुपर्ने युवाहरूको लाइन त्रिभुवन विमानस्थलमा लागेको केन्द्रीय सदस्य प्रजापतिले उल्लेख गर्नुभयो ।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले विद्यार्थी साथीहरूले व्यक्तिगत स्वार्थभन्दा पनि सामाजिक हितका निम्ति अगाडि बढ्नुपर्ने बताउनुभयो ।

उहाँले जेनजी आन्दोलनमा युवा-विद्यार्थीहरू अगाडि रहे पनि त्यसको रिमोट कन्ट्रोल विदेशी शक्ति केन्द्रहरूमा रहेको बिस्तारै खुल्दै गएको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य सरोज साहले पुँजीवादी व्यवस्थाले सबै जनतालाई शिक्षा र स्वास्थ्योपचारजस्तो आधारभूत सेवा पनि दिन नसक्ने हुनाले समाजवादी व्यवस्थाको निम्ति लड्नुपर्ने बताउनुभयो ।

मधेसका अधिकांश पदासीन सरकार र स्थानीय तहहरू भ्रष्टाचारमा डुबेको र त्यसको कारण शासक दलहरूको भ्रष्ट प्रवृत्ति भएको उहाँले उल्लेख गर्नुभयो ।

भेलामा नेमकिपा मधेस प्रदेश समितिका सचिव प्रकाश थुसाले देशी विदेशी प्रतिक्रियावादीहरू देशलाई अस्थिर पार्न सक्रिय रहेकोले नयाँ पुस्ताका विद्यार्थीहरू जातिवादी र साम्प्रदायिक सोचबाट मुक्त हुनुपर्ने बताउनुभयो ।

विद्यार्थी भेला आयोजक समितिका अध्यक्ष विशालकुमार साहको सभापतित्वमा भएको थियो ।

## सुस्तामा रोकिएन बाँध कटान, स्थानीय चिन्तित

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), २३ साउन । पश्चिम नवलपरासीको सुस्तामा नारायणी नदीमाथि निर्माण गरिएको बाँध कटान हुन थालेपछि स्थानीय चिन्तित बनेका छन् । सुस्ता गाउँपालिका-५ मा नारायणी नदीको पानी बस्तीमा पस्नबाट रोक्ने उद्देश्यले बाँध निर्माण गरिएको थियो ।

नदीमा पानीको उच्च बहावले बाँध कटान सुरु गरेपछि स्थानीयले सुस्ता जोगाउन अस्थायी बाँध निर्माण गरिरहेका छन् । 'सुस्ता बचाउ अभियान' का प्रवक्ता रवीन्द्र जैसवालले बस्तीलाई कटान र डुबानबाट बचाउन स्थानीयको सक्रियतामा बाँध निर्माण गरिएको जनाउँदै

बाँकी पृष्ठ २ मा

## देशको अवस्थाबारे उब्जिएका प्रश्न

- देशभित्र रोजगारी अभाव र ऋणको चापले नेपाली महिला कष्टकर यात्रा गर्दै प्रतिबन्धित कुवेतमा घरेलु श्रमिकका रूपमा काम गर्न बाध्य छन् । नेपालीलाई देशभित्र रोजगारी दिनेतर्फ सरकारहरू लागेकै छैनन् । यतिबेला कुन कुन मन्त्री र शासक दल तथा मुख्य विपक्षी दलका सांसद र सरकारी सचिवहरूको नजिक सम्बन्धका म्यानपावर कम्पनी सञ्चालनमा छन् ? नेपाली जनताले खोजी गर्नु जरुरी भयो । सारमा, ३५ वर्षयताका नेका, एमाले, माओवादी र रास्वपाका सरकारहरूले वैदेशिक रोजगारीमा नेपालीलाई पठाएर देशको अर्थतन्त्र ध्वस्त पारेको घामजत्तिकै छर्लङ्ग छ ।
- मल किन्न गएका नेपाली किसान दाजुभाइ ३८ दिन भारतीय जेलमा बसेर फर्किए । उनीहरू २ बोरा युरिया र ६ बोरा डीएपी मल लिएर घर फर्किँदै गर्दा भारतमा पक्राउ परेका थिए । नेका, एमाले, माओवादी र रास्वपा सरकारहरूले देशभित्र मल कारखाना स्थापना नगरेको र मल कारखाना स्थापना गर्न आवश्यक बिजुली भारतमा निर्यात गरेपछि यो स्थिति आउनु स्वाभाविक हो । नेपालका किसानहरू अझै ती शासकहरूको पछि लाग्नु र मत दिनु थप आश्चर्यको विषय हो ।
- २०८२ सालमा शिक्षा ऐन जारी हुनुपर्ने माग लिएर देशभरका शिक्षकहरूले काठमाडौंमा आन्दोलन गरेका थिए । नेपाल शिक्षक महासङ्घले शिक्षा ऐन तुरुन्त जारी हुनुपर्ने माग राखी भदौमा पुन: आन्दोलन घोषणा गर्ने दाबी गर्‍यो । गत भदौ २३ र २४ गते देश विध्वंस हुँदा महासङ्घ कहाँ थियो ? के नयाँ पुस्तालाई देश जलाउन नहुने शिक्षा महासङ्घले दिन नसकेको हो ? विध्वंसकारी जेनजीबारे शिक्षक महासङ्घले बोल्नु जरुरी छैन ?
- थाइल्यान्डको स्कूलमा गोलीकाण्ड मच्चिएर कम्तीमा ७ जनाको मृत्यु र ३० घाइते भएको सार्वजनिक भयो । संरा अमेरिकामा मात्र यस्तो गोली काण्ड हुन्थ्यो; अहिले अन्य देशमा पनि सुरु भयो । यसले केही व्यक्तिको मात्र हित हुने पुँजीवादी व्यवस्थामा गोली काण्ड सस्तो हुने पुन: पुष्टि भयो । नेपालको पनि भारतसँग खुला सिमाना छ । भारतमा पिस्तोल खरिद गरी नेपाल भित्रिएको पनि सार्वजनिक भइरहेको छ । गत भदौ २३ र २४ गतेको उपद्रोमा नेपाल प्रहरीका धेरै बन्दुक खोसिएको, चोरी भएको र हराएको अझै पत्तो लागेको छैन । के नेपालमा बरोबर गोली काण्ड हुने खतरा बढेको हो ? शासक दलहरू यसको जवाफदेही हुन पर्दैन र ?
- रास्वपाको सरकारले भाषणमा मात्रै 'अनलाइन' बोलेर जनतालाई ग्यासको लाइनमा पुऱ्याएको छ । पुँजीवादी शासकहरूको शब्द र व्यवहार फरक हुने यो पहिलो र अन्तिम उदाहरण होइन । बेलायतको श्रमिक पार्टी सरकारमा पुगेर श्रमिकविरोधी भयो । संरा अमेरिकाका गणतन्त्रवादी र प्रजातन्त्रवादी पार्टीहरू पनि सामन्तवाद र राजतन्त्रजस्तै शासन गर्दै छन् । भारतीय जनता पार्टी सम्पूर्ण जनताको नभई हिन्दुवादी पार्टीजस्तै भएको गुनासो पनि पुरानो हो ।
- आ.व. ०८२/८३ मा नेपाल प्रहरीमा ६१ हजार १६ मुद्दा दर्ता भएका छन् । अघिल्लो आर्थिक वर्षमा ५८ हजार ४७२ मुद्दा दर्ता भएका थिए । मुद्दा अघिल्लो वर्षको तुलनामा ४.३५ प्रतिशतले धेरै हो । आ.व. ०८२/८३ मा सबैभन्दा धेरै

बाँकी पृष्ठ ८ मा

## प्राकृतिक विपद् र सन्तुलित विकास

- सुवर्ण श्रेष्ठ

नेपाल १,४७,५१६ वर्ग किलोमिटर क्षेत्रफल भएको सानो मुलुक हो । पूर्व-पश्चिमको लम्बाइ करिब ८८४ किमि र उत्तर-दक्षिणको चौडाइ करिब १४५ देखि २४१ किमिसम्मको छ । उचाइको आधारमा हिमाल पहाड र तराई क्षेत्र गरी ३ क्षेत्रमा विभाजन गरिएको छ । नेपालको उचाइ ५९ मिटरदेखि ८८४८.८६ मिटरसम्म छ । हिमाल क्षेत्रमा हिमशृङ्खला र हिमनदी छन् । पहाड क्षेत्रमा डाँडा, उपत्यका र पहाडी बस्तीहरू रहेका छन् भने तराई क्षेत्रमा समथर र उर्वरभूमि छ । यहाँ हिमाली, समशीतोष्ण र उष्ण जलवायु पाइन्छन् । कोसी, गण्डकी, कर्णालीजस्ता यहाँका प्रमुख नदी हुन् । भूकम्प, पहिरो, बाढी, हिमताल विस्फोट र भूक्षयजस्ता प्राकृतिक विपद्का जोखिम उच्च छन् ।

नेपाल भूपरिवेष्ठित मुलुक भएकोले समुद्री बन्दरगाहमा प्रत्यक्ष पहुँच छैन । पहाड र हिमाल क्षेत्रमा दुर्गम क्षेत्रहरू पनि रहेका छन् । जलवायु परिवर्तनका कारण हिमनदी पग्लने र मौसम अनियमित हुने समस्या देखापरिरहेको छ । विपद् जोखिम न्यूनीकरण र पूर्वतयारीलाई प्रभावकारी बनाउनु आवश्यक छ । सडक, पुल, सञ्चार, ऊर्जाजस्ता पूर्वाधारको विस्तार गर्नु आवश्यक छ ।

कृषिप्रधान देश भए पनि मनसुनी वर्षामा भर पर्नुपर्दछ । हिउँदमा पश्चिमी वायुले र ग्रीष्ममा मनसुनी वायु वर्षा गराउँछ । ग्रीष्ममा समयमै मनसुन भित्रिएन भने कृषि पेसामा लागेको दुईतिहाइभन्दा बढी नेपालीलाई जीविकोपार्जनकै समस्या हुन्छ । वर्षा निरन्तर भयो र अत्यधिक भयो भने कृषि योग्य भूमि बगाउनेदेखि सदरमुकामसमेत बाढी पहिरोको जोखिममा पर्छ ।

वर्षा सुरु भएपछि असार-साउन महिनादेखि ठाउँ-ठाउँमा बाढी, पहिरो, भूक्षय, भू-स्खलन, सडक अवरुद्ध, सडक दुर्घटनालगायतका समाचारहरू दैनिक पत्रिमा छापिन्छन् । प्रत्येक वर्ष यस्ता दु:खद घटनाहरू भइरहेका छन् । यस्ता घटनाहरूले सर्वसाधारणदेखि सार्वजनिक वा सरकारी सम्पत्तिको क्षति भइरहेका छन् । नागरिकहरूको जीउज्यानको क्षति भएको छ ।

बाँकी पृष्ठ २ मा



**बिहानी व्यायाम**

भक्तपुरको मध्यपुर थिमि-९ स्थित नीलबाराही मन्दिर परिसरमा शनिबार बिहान व्यायाम गर्दै सर्वसाधारण। हरियाली वनको बिचमा रहेको यस मन्दिर परिसरमा पूजाअर्चनाका साथै बिहानीको समयमा व्यायाम गर्नका लागि सर्वसाधारणको बाक्लो उपस्थिति हुने गर्दछ। तस्बिर: प्रविन पौडेल/रासस

# शुभलाभ साकोसको वार्षिक समीक्षा सम्पन्न

भक्तपुर, २३ साउन। शुभलाभ बचत तथा ऋण सहकारी संस्था लिको आ.व. २०८२/८३ को समीक्षा शनिबार सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका उपाध्यक्ष एवम् नेमकिपा चानपाका अध्यक्ष न्हुछेभक्त फोजुले सहकारी संस्थाहरूले सङ्कलन गरेको बचत रकम उत्पादनमूलक र रोजगारमूलक क्षेत्रमा लगानी गर्नुपर्छ भन्नुभयो।

उहाँले भन्नुभयो, "वर्तमान समयमा देशको वितीय अवस्था नै स्थिर नभएको हुँदा सहकारी संस्थाहरूमा तरलता वृद्धि भएको हो। बैङ्क र सहकारी संस्थाले दिने सेवा सुविधा फरक हुन्छ। सहकारी संस्थाहरूले सदस्यहरूको आर्थिक हितमा मात्र ध्यान नदिई सामाजिक, शैक्षिक, स्वास्थ्य सेवासम्बन्धी गतिविधिहरू पनि सञ्चालन गर्नुपर्दछ।"

चाँगुनारायण नपाभित्र भइरहेका बेथितिहरूको बारेमा बोल्दै उहाँले सहकारीको सिद्धान्तअनुसार संस्थालाई अगाडि बढाउन सुझाव दिनुभयो।

संस्थाका पूर्वअध्यक्ष मिनबहादुर बाटाले देशभित्रका बैङ्क र वित्तीय संस्थाहरूमा तरलता अत्यधिक हुँदा हुँदै पनि सरकारले आन्तरिक ऋण नलिई एसियाली विकास बैङ्क, विश्व बैङ्कजस्ता अन्तर्राष्ट्रिय बैङ्क तथा वित्तीय संस्थाहरूबाट वैदेशिक ऋण लिएर देशको अर्थतन्त्र कमजोर बनाउँदै छ भन्नुभयो।

उहाँले भन्नुभयो, "भदौ २३ र २४ को घटनाले नयाँ पुस्तामा सार्वजनिक सम्पत्तिको सुरक्षा गर्नुपर्ने, देशभक्तिको भावना हुनुपर्ने र सामाजिक तथा नागरिक भावना हुनुपर्नेमा त्यस्तो भएको देखिएन। यसले भविष्यमा देशलाई कमजोर बनाउनेछ।"

संस्थाका अध्यक्ष सूर्यबहादुर फोजुको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा अधिवक्ता राधेश्याम सुवालले सहकारी संस्थाहरूको ऋण प्रवाह र ऋण असुलीबारे विद्यमान ऐन-नियम र जटिलताबारे प्रशिक्षण गर्नुभएको थियो।

कार्यक्रममा संस्थाका उपाध्यक्ष सानुमाया लागेजू, सचिव लक्ष्मीनारायण लिगल, कोषाध्यक्ष श्रीप्रसाद त्यातजू, लेखा सुपरिवेक्षण समितिका कृष्णश्वरी ह्यौँमिखा, प्रबन्धक कृष्णप्रसाद लिगलले आ-आफ्नो प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

सहकारी संस्थाका सञ्चालक समिति र उपसमितिका पदाधिकारी तथा कर्मचारीहरूको सहभागितामा भएको उक्त कार्यक्रममा वित्तीय विश्लेषण गरी आ.व. २०८३/८४ को लागि रणनीतिक योजना निर्माण गरिएको थियो।

# कृषिउपज सङ्कलन तथा बजारीकरण केन्द्र निर्माण हुँदै

भोजपुर, २३ साउन। भारत सरकारको सहयोगमा टेम्केमैयुङ गाउँपालिका-९ पाँचधारेमा रु १० करोड लागतमा आधुनिक कृषि उपज सङ्कलन तथा बजारीकरण केन्द्र निर्माण हुने भएको छ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अदित दाहालका अनुसार केन्द्रमा आधुनिक भण्डारण कक्ष, चिस्यान व्यवस्थापन, सङ्कलनस्थल, ग्रेडिङ (वर्गीकरण) तथा प्राथमिक प्रशोधनका आवश्यक संरचना निर्माण हुने छन्। केन्द्र निर्माणको पाँच प्रतिशत लागत पालिकाले व्यहोर्ने छ। केन्द्रको निर्माण चालु आर्थिक वर्षभित्रै प्रारम्भ गर्ने लक्ष्य छ।

केन्द्र निर्माणपछि कृषिमा आधारित उद्यम विकासका साथै स्थानीय स्रोत-साधनको अधिकतम उपयोग गरेर रोजगारीका अवसर बढाउने गाउँपालिकाको लक्ष्य छ। रासस

*प्राकृतिक...*

सरकारको दायित्व नागरिकहरूको जनधनको सुरक्षा गर्नु हो। प्राकृतिक विपद्लाई सरकारले रोक्न नसक्ला तर जोखिम न्यूनीकरण गर्न सकिन्छ। मानवीय कारणले उत्पन्न हुने जोखिमलाई रोक्न सकिन्छ।

पहाडी क्षेत्रमा मानवीय बस्तीहरू छरिएर रहेका छन्। सडक यातायात मात्र भरपर्दो यातायात बनेको छ। बस्ती-बस्तीमा सडक पुऱ्याउन स्थानीय जनताले स्थानीय तह, प्रदेश र सङ्घीय सरकारसँग बजेट माग गरी आयोजना सञ्चालन गरिन्छ। यी तीनै तहका सरकारले जनताको मागअनुसार योजना छनोट गर्दा र बजेट कार्यान्वयन गर्दा दिगो विकास र स्थिर (स्थायी) विकासलाई ध्यान दिनुपर्दछ।

बजेट रकम निकासा आर्थिक वर्षको अन्त्यतिर अर्थात् चैत-वैशाखमा दिने र असार मसान्तमा सकाउनैपर्ने गरी सम्झौता गर्ने परिपाटी छ। धेरैजसो ठुला आयोजनाहरू ठेक्कामा दिने परिपाटी छ। ठेकेदारको मुख्य उद्देश्य आयोजना ठेक्का लिएर नाफा कमाउने हुन्छ। त्यसैले, छिटो आयोजना सम्पन्न गर्नेतिर ध्यानकेन्द्रित हुन्छ। परिणामस्वरूप निर्माण कार्य कमसल हुन्छ। कालोपत्रे गरेको ६ महिना नबित्दै कालोपत्रे उप्किन थाल्छ। ग्राबेलिङ वाल भासिन थाल्छ, बग्न थाल्छ।

स्थानीय बासिन्दाहरू जसरी भए पनि आफ्नो बस्तीसम्म सडक पुऱ्याउनुपर्छ भनेर जथाभावी सडक खन्न लगाउँछन्। ढल वा नालीको व्यवस्था नगर्दै ग्राबेल गर्ने र कालोपत्रे वा ढलान कार्य गराउँछन्। सामान्य वर्षामात्र हुँदा पनि पानीले निकास नपाउने हुँदा भर्खर खनेको बाटो बगाउँछ र बाढी आउँछ; ठाउँ-ठाउँमा पहिरो खस्छ; सडक अवरुद्ध हुन्छ।

कालोपत्रे गरिसकेको राजमार्ग, लोकमार्गहरूसमेत नदी किनारामा निर्माण गरिएको छ भने वर्षाको पानीले कटान गर्दै अवरुद्ध गर्दछ। बीपी राजमार्गदेखि कर्णाली राजमार्गमा दैनिक यस्तै समस्या देखिरहेको छ। बाटो अवरुद्ध हुँदा यात्रुहरू अलपत्रमा पर्ने मात्र होइन, कतिपयको ज्यानै जाने गरी दुर्घटना भइरहेको छ।

सरकारले तत्कालको समस्या समाधान गर्ने अस्थायी नीति र कार्यक्रमलाई मात्र ध्यान दिने होइन। विकास निर्माणका कार्यहरूको प्रारम्भिक अध्ययनदेखि निर्माण सम्पन्न भइसकेपछिका सबै प्रक्रियाहरू चरणबद्ध र व्यवस्थितरूपमा सम्पन्न गर्नुपर्छ। कुनै आयोजना सञ्चालन गर्दा आउन सकिने जोखिमको पूर्वानुमान गरी जनतालाई सुसूचित गर्नुपर्दछ।

सङ्घीय राजधानी काठमाडौँमा प्रत्येक वर्ष सामान्य वर्षामात्र हुँदा पनि सडक खोला सरह हुने गर्दछ। सडकबाट बगेको पानी घर पसलभित्र छिरेर करोडौँको सम्पत्ति क्षति हुन्छ। यसको मुख्य कारण अव्यवस्थित सहरीकरण हो। बसाइँसराइ र काठमाडौँकेन्द्रित प्रशासनिक, शैक्षिक, स्वास्थ्य सेवा प्रदायक निकायको स्थापना र सञ्चालनले काठमाडौँ उपत्यकामा जनसङ्ख्या दिन प्रतिदिन बढ्दै छ। भौतिक निर्माणले निरन्तरता पाएको छ। पानी बग्ने नदी, खोला, कुलो, ढल अपर्याप्त हुँदै छ। पानी पर्नासाथै बाटो हुँदै पानी खोलामा पुग्छ र बाढी बन्छ। जमिनमा पानी पठाउने (Recharge गर्ने) बन्दोबस्त सार्वजनिक र निजी क्षेत्रले गरेको देखिँदैन। परिणामस्वरूप खोलामा पानी अटाइँदैन र नदी किनाराको बस्ती जोखिममा पर्दै आएको छ।

५०/६० वर्षअघि अर्थात् २०२१ सालको नापीमा भएको नाप नक्साबमोजिमको खोला, नदी, कुलोको चौडाइ घट्दै गएको छ। त्यसतर्फ सरकार र सम्बन्धित निकायहरूको ध्यान पुगेको देखिँदैन। चोभारको गल्छी फराकिलो गर्ने, खोलाको मापदण्ड बढाउनेजस्ता नयाँ योजना र कार्यक्रम सरकारले ल्याउने प्रयास गरेको थियो। यसले थप जोखिम निम्तिन सक्ने कुरा विज्ञहरूले राखेका छन्।

सरकार र सम्बन्धित निकायहरूको समन्वय र सहकार्यमा यस्ता प्राकृतिक प्रकोपहरूबाट देशवासीलाई जोगाउनुपर्छ। उचित र दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्नुपर्छ। काठमाडौँकेन्द्रित विकासलाई महत्त्व नदिई सबै प्रदेश, जिल्ला र पालिकाहरूमा सहरीकरण गर्नुपर्छ। नागरिकका दैनिक जनजीवनका विषयहरू शिक्षा, स्वास्थ्य, प्रशासनिकजस्ता सुविधाहरू सबै स्थानबाट दिने व्यवस्था गर्नुपर्छ। नागरिकहरूको चिन्तन र उद्देश्यमा परिवर्तन ल्याउनुपर्छ। अनि देशको सन्तुलित विकास सम्भव हुन्छ।

# सूर्यविनायकमा किसान सङ्घको स्थापना दिवस




भक्तपुर, २३ साउन। नेपाल क्रान्तिकारी किसान सङ्घ सूर्यविनायक नगर समितिको आयोजनामा नेपाल क्रान्तिकारी किसान सङ्घको ५८ औँ स्थापना दिवसको अवसरमा सूनपा-५ कटुञ्जेमा शनिबार नगरस्तरीय किसान भेला सम्पन्न भयो।

भेलामा नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय उपाध्यक्ष गोविन्द दुवालले किसान सङ्घका स्थापनाका आधारहरू र किसान सङ्घले गरेको गतिविधिबारे बताउनुभयो।

उहाँले अन्याय, अत्याचार, भ्रष्टाचारको विरूद्ध सङ्घर्ष गर्दै नयाँ पुस्तालाई पनि सचेत पार्नुपर्ने बताउनुभयो।

नेमकिपा सूर्यविनायक नगर समितिका अध्यक्ष सूर्यभक्त त्वातीले पुँजीवादी व्यवस्थामा किसान, मजदुर, गरिब जनताको हित नहुने, समाजवादी गणतन्त्रमा मात्र हित हुने बताउनुभयो।

आयोजक समितिका अध्यक्ष राजेन्द्र बखुन्छेको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपाका रामकृष्ण बखुन्छे र निर्मल माकले आ-आफ्नो विचार व्यक्त गर्नुभयो।

# नेपालभाषाको कथासङ्ग्रह 'पखः' को विमोचन




भक्तपुर, २३ साउन। लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.को सांस्कृतिक उपसमितिको आयोजनामा सम्पन्न पुस्तक विमोचन कार्यक्रममा साहित्यकार एल.के. सुन्दरद्वारा रचित नेपालभाषाको कथासङ्ग्रह 'पखः' को स्थानीय समाजसेवी एवं पूर्ववडाध्यक्ष रवीन्द्र खर्बुजाले शनिबार विमोचन गर्नुभयो।

कार्यक्रममा अतिथि खर्बुजाले समाजको यथार्थलाई साहित्यमार्फत प्रस्तुत गरी आदर्श समाज निर्माणका लागि पथप्रदर्शन गर्नुपर्ने बताउनुभयो। साहित्यकार एल.के. सुन्दरले आफ्नै वरिपरिको घटनाक्रम तथा पात्रहरू समेटेर कथा लेखेका कारण अत्यन्त मार्मिक र सटिक लागेको उहाँले बताउनुभयो।

मानिसले जेजस्तो काम गरे पनि समाजसेवालाई पहिलो प्राथमिकतामा राख्नुपर्ने बताउँदै उहाँले यसतर्फ नयाँ पुस्तालाई अग्रसर हुन सुझाउनुभयो।

जननिर्वाचित वडा सदस्य श्याम मातांले जीवनको भोगाइ, अनुभव र सङ्घर्षलाई साहित्यमार्फत व्यक्त हुनुले नयाँ पुस्तालाई विगत अध्ययन गर्न सहज हुने बताउनुभयो।

लोकेश्वर साकोसका अध्यक्ष राजन जतिले असल साहित्यले मात्र असल समाज निर्माण गर्न सकिने बताउनुभयो।

सांस्कृतिक उपसमितिका संयोजक कमलश्वरी खर्बुजाको सभापतित्वमा सम्पन्न कार्यक्रममा संस्थाका सचिव राजु छुकांले पनि बोल्नुभएको थियो।

कार्यक्रममा साहित्यकार एल. के. सुन्दरले पुस्तक प्रकाशन गर्न सहयोग गर्नुहुने सम्पूर्णमा धन्यवाद ज्ञापन गर्दै सङ्ग्रहभित्रका दुईवटा सान्दर्भिक कथाहरू वाचन गर्नुभएको थियो। साहित्यकार एल. के. सुन्दरका 'युग आह्वान' (२०६८) र 'पराकम्प' (२०८०) दुईवटा कवितासङ्ग्रह प्रकाशित छन्।

*सुस्तामा...*

गएरातिदेखि नदीमा पानीको बहाव उच्च हुँदा कटान सुरु भएको बताउनुभयो।

सुस्ताका नागरिकले हप्ता दिनदेखि नारायणीको पानीलाई बस्तीमा पस्न नदिन बोरामा बालुवा, तारजाली, माटो, खरपातलगाय सामग्रीले अस्थायी बाँध निर्माण गरी रोक्ने प्रयास गरेका छन्।

यसैबिच, सुस्तालाई नारायणीको जोखिमबाट जोगाउन सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना भरतपुर चितवनले पहिलो चरणमा रु. ११ करोड ५० लाख लागतमा करिब एक किलोमिटर तटबन्धन निर्माण गरेको आयोजनाका इन्जिनियर बेलबहादुर विश्वकर्माले बताउनुभयो।

"सोही ठाउँबाट जोडेर दोस्रो चरणमा थप रु. एक करोड ४६ लाखको लागतमा आयोजनाले १३२ मिटर तटबन्धनको काम सुरु गर्ने योजना थियो। दीर्घकालीन समाधान हुन नसक्दा समस्या आइरहेको हो। अहिले पनि नारायणीको पानीले कटान गरिरहेको छ", उहाँले भन्नुभयो।

# देशका विभिन्न स्थानमा
# सडक अवरुद्ध, यातायात प्रभावित

काठमाडौँ, २३ साउन । वर्षा, पहिरो, भास र कटानका कारण देशका विभिन्न स्थानमा सडक अवरुद्ध भएका छन् ।

प्रहरी प्रधान कार्यालयले शनिबार बिहान ७:०० बजेसम्म अवरुद्ध रहेका सडकको विवरणअनुसार तेह्रथुमको मध्यपहाडी लोकमार्ग, सिन्धुपाल्चोकको अरनिको राजमार्ग, इलामको मेची राजमार्ग, रसुवाको त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी सडक, मुगुको नाग्म-गमगढी सडक, रुकुम पश्चिमको भेरी करिडोर र सोलुखुम्बुको सल्लेरी-लुक्ला सडकखण्डमा यातायात सेवा प्रभावित भएको छ ।

काभ्रेपलाञ्चोक-सिन्धुली जोड्ने बिपी राजमार्गमा सम्भावित बाढीको जोखिमलाई दृष्टिगत गर्दै खुर्कोट-नेपालथोक-कटुन्जेबेंसी सडकखण्डमा बेलुका ६:०० देखि बिहान ४:०० बजेसम्म सबै प्रकारका सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ । बिहान ४:०० देखि बेलुका ६:०० बजेसम्म भने सवारी सञ्चालन हुने व्यवस्था मिलाइएको छ ।

यसैगरी, कान्ति लोकपथमा पनि वर्षायामका कारण बेलुका ५:०० देखि बिहान ५:०० बजेसम्म सबै प्रकारका सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ ।


मेची राजमार्गअन्तर्गत इलाम नगरपालिका-९ राजदुवालीमा वर्षाका कारण सडक हिलाम्मे भएपछि यातायात पूर्ण रूपमा अवरुद्ध भएको छ । उक्त क्षेत्रमा वैकल्पिक मार्ग भने सञ्चालनमा छ ।

सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिकाअन्तर्गत जिरोकिलो, कोदारी र लिपिङ क्षेत्रमा पहिरो र सडक भासिएपछि अरनिको राजमार्गका विभिन्न खण्ड पूर्ण रूपमा अवरुद्ध छन् ।

लामासाँघु-रामेछाप सडकखण्डको दोलखाको तामाकोशी गाउँपालिका-५ किर्नेटारमा सामाकोशी खोलाले सडक कटान गरेपछि यातायात अवरुद्ध भएको छ । यद्यपि खिम्ती ग्रामीण विद्युत् सहकारी संस्थाको कार्यालय परिसर हुँदै वैकल्पिक मार्ग सञ्चालनमा ल्याइएको छ ।

यसैगरी, सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-१ निलदोर्जे पर्यटक सडकखण्डअन्तर्गत सल्लेरी-लुक्ला सडक र तेह्रथुमको लालीगुराँस नगरपालिका-९ काडे पिडवाखोला नजिक मध्यपहाडी लोकमार्ग पहिरोले अवरुद्ध भएको छ ।

प्रहरीले वर्षायाममा पहिरो, बाढी र सडक कटानको जोखिम कायमै रहेकाले यात्रा गर्नुअघि सम्बन्धित निकायबाट सडक अवस्थाबारे जानकारी लिएर मात्र यात्रा गर्न सर्वसाधारणलाई आग्रह गरेको छ । रासस



**कोरलानाकामा त्रिपाल टाँगेर व्यापार**

नेपाल-चीन उत्तरी कोरलानाकाको २४ नम्बर सीमास्तम्भको दशगजा क्षेत्रमा सीमावर्ती नागरिकहरूले त्रिपाल टाँगेर व्यापार व्यवसाय चलाइरहेका छन् । नाकामा स्थानीयको करिब ८० वटाभन्दा बढी त्रिपालमा सामान राखेर व्यापार गरिरहेका छन् । *तस्बिर : सुन्दरकुमार थकाली/रासस*

# रुग्ण राष्ट्रिय उद्योगमा सुधारका आशालाग्दा परिणाम

काठमाडौँ, २३ साउन । रुग्ण राष्ट्रिय उद्योग तथा संस्थानलाई इमानदार प्रयास, कानुनको कार्यान्वयन र निरन्तरको सामूहिक प्रयासबाट पुनः सञ्चालन गरी तिनलाई प्रतिस्पर्धी बनाउन सकिने आशालाग्दा परिणाम देखिएका छन् ।

नेपाल औषधि लिमिटेड, हेटौँडा कपडा उद्योग, नेपाल वायुसेवा निगम, दुग्ध विकास संस्थान र सिंहदरबार वैद्यखानामा प्रारम्भ भएका सुधारले रुग्ण राष्ट्रिय उद्योग तथा संस्थानको पुनरुत्थान सम्भव रहेको देखाएको हो ।

**नेपाल औषधि लिमिटेड**

वर्षौँसम्म घाटामा रहेको नेपाल औषधि लिमिटेडले पछिल्लो चार महिनामा रु.२ करोड ३८ लाखको औषधि बिक्री गरेको छ । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) को 'गुड म्यानुफ्याक्चरिङ प्राक्टिस' (जिएमपी) मापदण्ड प्राप्त गरेपछि औषधि बिक्रीमा बढोत्तरी आएको हो । कम्पनी गत आर्थिक वर्षमा रु.३ करोड नाफा आर्जन गर्न सफल भएको छ ।

चालु आर्थिक वर्षमा रु.३० करोडको औषधि बिक्री गर्ने लक्ष्य लिइएको छ । सरकारले जारी गरेको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमा लिमिटेडबाट आगामी तीन वर्षमा ९८ प्रकारका निःशुल्क औषधि उत्पादन गर्ने लक्ष्य लिइएको छ ।

सोही लक्ष्यअनुरूप यस वर्ष ३७ प्रकारका औषधि उत्पादन गर्ने लक्ष्य लिइएकामा २५ प्रकारका औषधिको उत्पादन गर्ने तयारी अन्तिम चरणमा पुगेको छ । लिमिटेडबाट हाल ११ प्रकारका औषधि उत्पादन भइरहेका छन् ।

**हेटौँडा कपडा उद्योग**

वर्षौँदेखि बन्द रहेको हेटौँडा कपडा उद्योग पुनः सञ्चालन गर्न परीक्षण उत्पादनको जिम्मेवारी नेपाली सेनालाई दिइएको छ । परीक्षण उत्पादनपछि नेपाल सरकारले नै उद्योग सञ्चालन गर्नेछ । तान (लुम) मर्मतपछि परीक्षण उत्पादन सुरु भएको र केही मात्रामा कपडा उत्पादनसमेत सुरु भइसकेको छ ।

**नेपाल वायुसेवा निगम**

नेपाल वायुसेवा निगमले गत आर्थिक वर्षको चैतदेखि असारसम्म रु.६ अर्ब २७ करोड ६३ लाख आम्दानी गरेको छ । यो अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा रु.१ अर्ब १० करोड २१ लाखले बढी हो ।

यस अवधिमा नेपाल एयरलाइन्सको सिट उपयोगिता (अकुपेन्सी) बढेर ८६ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिको तुलनामा अकुपेन्सी ६ प्रतिशतले बढेको हो । कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट जहाज खरिद गर्न लिइएको ऋणबापतको रु.१ अर्ब ६ करोड १९ लाख किस्तासमेत यसै अवधिमा भुक्तानी गरिएको छ ।

**दुग्ध विकास संस्थान**

दुग्ध विकास संस्थान (डिडिसी) ले किसानको रोकिएको बक्यौता भुक्तानीलाई प्राथमिकता दिँदै भुक्तानी चक्रलाई आठ महिनाको अवधिबाट घटाएर दुईदेखि तीन महिनामा झारेको छ । यसअघि रु.७२ करोड रहेको बक्यौता रकम अहिले रु.३५ करोडमा झारिएको छ ।

किसानलाई दूधमा प्रतिलिटर रु.१ प्रोत्साहन रकम थप गरिएको छ । सुधारका प्रयास सुरु भएपछि डिडिसीको दैनिक बिक्री ३५ प्रतिशतले बढेको छ । राजस्व सङ्कलनसमेत औसत दैनिक रु.६० लाखबाट बढेर रु.९० लाख पुगेको छ ।

कानुनविपरीत विगतदेखि सबै कर्मचारीलाई वितरण गर्दै आएको घ्यू र दूधको सुविधा कटौती गरी वार्षिक झण्डै रु.३ करोड बचत गरिएको छ ।

डिडिसीले चाँडै खाडी मुलुकमा घ्यू तथा चीनमा बटर र छुर्पी निर्यात गर्ने तयारी गरिरहेको छ । नगरकोट केन्द्रबाट चिज उत्पादन पुनः सुरु गर्ने तयारीसमेत भइरहेको छ ।

**सिंहदरबार वैद्यखाना विकास समिति**

सिंहदरबार वैद्यखाना विकास समितिले सरकार गठन भएपछि रु.११ करोड १६ लाख बराबरको आयुर्वेदिक औषधि उत्पादन गरी बजारीकरण गरेको छ । गत आर्थिक वर्षमा औषधिको कारोबार करिब रु.१३ करोड पुगेको छ, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा चार गुणा बढी हो ।

निःशुल्क वितरण हुने ३५ प्रकारका औषधि उत्पादनमा वैद्यखाना आत्मनिर्भर बन्ने दिशातर्फ अग्रसर भएको छ । हाल १०५ प्रकारका आयुर्वेदिक औषधि उत्पादन भइरहेका छन् भने चालु आर्थिक वर्षमै १५० प्रकारका औषधि उत्पादन गर्ने लक्ष्य लिइएको छ ।

चालु आर्थिक वर्षमा पाउडर र ट्याब्लेट औषधि उत्पादनमा 'गुड म्यानुफ्याक्चरिङ प्राक्टिस' (जिएमपी) मापदण्ड हासिल गर्ने लक्ष्य लिइएको छ । त्यसैगरी जडीबुटी तथा औषधिजन्य कच्चा पदार्थको प्रशोधन केन्द्र स्थापना गर्ने लक्ष्यसमेत राखिएको छ ।

राष्ट्रिय उद्योग तथा संस्थानमा देखिन थालेको यो सुधारले लामो समयदेखि रुग्ण रहेका अन्य उद्योगमा पनि नयाँ जीवन भर्न सकिने विश्वास बलियो बनाएको छ । इमानदारी र देशप्रतिको समर्पण कायम रहिरहेमा रुग्ण अवस्थामा रहेका अन्य राष्ट्रिय उद्योग तथा संस्थानलाई पनि पुनः सञ्चालनमा ल्याएर प्रतिस्पर्धी बनाउन सकिने अपेक्षा गरिएको छ ।

माटोमा उत्पादन बढाएर देशलाई आत्मनिर्भर बन्ने बाटोमा अघि बढाउने यो यात्रामा सबैको रचनात्मक साथ, भरथेग र विश्वासको अपेक्षा गरिएको छ ।

रुग्ण राष्ट्रिय उद्योग तथा संस्थानमा देखिन थालेका सुधारका आशालाग्दा परिणामका सूचक हुन् । यी उपलब्धिले इच्छाशक्ति, इमान्दार प्रयास र प्रभावकारी व्यवस्थापनका साथ अघि बढ्दा लामो समयदेखि समस्याग्रस्त राष्ट्रिय उद्योगलाई पुनः जीवन्त र प्रतिस्पर्धी बनाउन सकिने विश्वास बलियो बनाएको छ । रासस

# नियमित कोटाको
# रासायनिक मल वितरण गरिँदै

जनकपुरधाम, २३ साउन । कृषि सामग्री कम्पनी लिमिटेड, धनुषाले दोस्रो चरणमा नियमित कोटाको रासायनिक मल वितरण सुरु गरेको छ । धनुषा र महोत्तरीमा धान रोपाइँ अन्तिम चरणमा पुगेका बेला सो कार्यालयले नियमित कोटाको डिएपी र युरिया मलको वितरण सुरु गरेको हो ।

मधेस प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको यही साउन ११ गते निर्णयअनुसार धनुषाका लागि ९७९ मेट्रिक टन डिएपी र ९२६ मेट्रिक टन युरिया तथा महोत्तरीका लागि ९३१ मेट्रिक टन डिएपी र ८८० मेट्रिक टन युरिया वितरण सुरु गरिएको कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधामका सूचना अधिकारी बेचन साहले जानकारी दिनुभयो ।

सूचना अधिकारी साहका अनुसार कृषि सामग्री कम्पनी लिमिटेडको वीरगञ्जस्थित प्रादेशिक कार्यालयबाट मल ढुवानी भएसँगै जिल्लामा स्थानीय तहहरूको सिफारिसअनुसार मलको वितरण सुरु गरिएको हो ।

मलको वितरणसँगै जिल्लामा केही समय अघिसम्म रहेको मलको अभाव बिस्तारै हट्दै गएको छ । साउनको दोस्रो साता थप युरिया र डिएपी मल प्राप्त भएकाले मलको अभाव हटेको उहाँको भनाइ छ । उहाँका अनुसार कृषि सामग्री कम्पनी लिमिटेड, जनकपुरधाम धनुषामा हाल २ दशमलव ६ मेट्रिक टन युरिया मौज्दात रहेको छ । सुनसरी र सिरहाको घटनापश्चात् स्थानीय प्रशासनहरूले जारी गरेको कर्फ्यु र निषेधाज्ञाका कारण केही दिन मलको ढुवानी हुन नसक्दा केही समस्या भए पनि बिस्तारै ढुवानी सुरु भइसकेकोले मल सहज भएको उहाँले बताउनुभयो ।

# माङसेबुङका ११ विद्यालयमा लिम्बू र वान्तवा भाषा अनिवार्य

इलाम, २३ साउन । जिल्लाको माङसेबुङ गाउँपालिकाले ११ वटा सामुदायिक विद्यालयमा लिम्बू र वान्तवा भाषा अनिवार्य गरेको छ ।

गाउँपालिकामा राई समुदायका विद्यार्थीको बाहुल्य रहेका तीनवटा विद्यालयमा यसै शैक्षिक सत्रदेखि वान्तवा भाषा तथा लिम्बू समुदायका विद्यार्थीको बाहुल्य रहेका थप तीनवटा विद्यालयमा लिम्बू भाषा पाठ्यपुस्तक अनिवार्य विषयका रूपमा लागु गरेको हो ।

यसअघि चारवटा विद्यालयमा लिम्बू र एउटा विद्यालयमा वान्तवा भाषा अध्यापन हुँदै आएको थियो ।

शिक्षा शाखा प्रमुख बुद्धिप्रसाद खतिवडाका अनुसार माङसेबुङ-२ स्थित सरस्वती आधारभूत विद्यालय, माङसेबुङ-४ स्थित जनता आधारभूत विद्यालय र माङसेबुङ-६ स्थित सिंहेश्वरी आधारभूत विद्यालयमा यस वर्षदेखि वान्तवा भाषा पाठ्यपुस्तक लागु गरिएको हो । यसअघि माङसेबुङ-६ स्थित चिसोपानी माध्यमिक विद्यालयमा मात्र वान्तवा भाषा पठनपाठन हुँदै आएको थियो ।

यसैगरी, माङसेबुङ-१ स्थित गजुरमुखी आधारभूत विद्यालय र मण्डिका आधारभूत विद्यालय तथा माङसेबुङ-३ स्थित दुर्गा माध्यमिक विद्यालयमा यस वर्षदेखि लिम्बू भाषा पाठ्यपुस्तक लागु गरिएको छ ।

यसअघि माङसेबुङ-३ स्थित पवित्रा आधारभूत विद्यालय तथा माङसेबुङ-५ स्थित साम्जिक मुन्धुम आधारभूत विद्यालय, सरस्वती माध्यमिक विद्यालय र साम्जिक मुन्धुम पाठशालामा लिम्बू भाषा पढाइ हुँदै आएको थियो ।

मातृभाषा लागु भएका विद्यालयमा गाउँपालिकाले आन्तरिक स्रोतबाट तलबभत्ता उपलब्ध गराउने गरी शिक्षक दरबन्दी सिर्जना गरेर शिक्षकको व्यवस्था गरेको छ ।

गाउँपालिका अध्यक्ष हेमन्त राईले प्रत्येक समुदायलाई आफ्नो मातृभाषामा विद्यालय तथा शैक्षिक संस्था सञ्चालनको अधिकार संविधानले दिएको सम्झाउँदै सोहीअनुसार मातृभाषा शिक्षालाई प्राथमिकता दिइएको बताउनुभयो ।

"हामीले नयाँ शैक्षिक संस्था त खोलेनौँ, सामुदायिक बाहुल्य भएको विद्यालयमा मातृभाषा शिक्षकको दरबन्दी सिर्जना गरी मातृभाषा पाठ्यपुस्तक लागु गरेर पठनपाठन गराएका हौँ," अध्यक्ष राईले भन्नुभयो ।

# लागूऔषधसहित
# विभिन्न स्थानबाट २० जना पक्राउ

काठमाडौँ, २३ साउन । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न स्थानबाट लागूऔषधसहित २० जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार उनीहरू भक्तपुर, रूपन्देही, नवलपरासी पश्चिम, मकवानपुर, पाल्पा, दाङ, झापा, धनकुटा र बाराबाट पक्राउ परेका हुन् ।

भक्तपुर नगरपालिका-१ सल्लाघारीबाट एक, मध्यपुर थिमी नगरपालिका-१ लोकन्थलीबाट एक, रूपन्देहीको ओमसतिया गाउँपालिका-१ ठुटेपिपलबाट एक, सिद्धार्थनगर नगरपालिका-९ उदयपुरबाट एक र नवलपरासी पश्चिमको रामग्राम नगरपालिका-१७ पिप्रहवाबाट एक जनालाई पक्राउ गरिएको हो ।

यसैगरी, मकवानपुरको हेटौँडा उपमहानगरपालिका-६ चुच्चेखोलाबाट एक जना, पाल्पाको रामपुर नगरपालिका-७ मोवटी शीतलनगरबाट एक, दाङको तुलसीपुर उपमहानगरपालिका-१७ झिंगैबाट पाँच, झापाको अर्जुनधारा नगरपालिका-११ बसपार्कस्थित धुम्बेदिन होटल एण्ड लजबाट तीन, कन्काई नगरपालिका-४ कोटीहोमबाट एक, धनकुटाको पाख्रीबास नगरपालिका-५ माङमायाबाट दुई तथा बाराको महागढीमाई नगरपालिका-१० गोवास टोलबाट एक जनालाई पक्राउ गरिएको हो ।

अभियुक्तहरूबाट खैरो हेरोइन, गाँजा तथा चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने ट्रामाडोललगायत नियन्त्रित औषधि बरामद भएको छ । उनीहरू शुक्रबार र गत बिहीबार पक्राउ परेका हुन् । रासस

। सम्पादकीय ।

# अपराधीहरू दण्डको भागीदार हुने नै छन्

जनताका आन्दोलन र क्रान्ति अग्रगमनको लागि हुने हो। बेलायतको पुँजीवादी क्रान्तिदेखि अमेरिकी स्वतन्त्रता आन्दोलन र बेलायतको उपनिवेशविरुद्ध भारतीय जनताको आन्दोलन अग्रगमनकै लागि भएको हो। तर, नेपालमा गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा निहत्था जनताको हत्या र देशभरि आगजनी भयो। अर्थात्, जेनजी आन्दोलन अग्रगमनको लागि भएन।

प्रधानमन्त्रीले राष्ट्रपतिलाई भेटेर राजीनामा दिने नेपालको संवैधानिक बन्दोबस्त हो। जेनजी आन्दोलनबाट डराएका एमालेका प्रधानमन्त्री केपी ओलीले भदौ २४ गते आफ्नो राजीनामा सेनामार्फत दिए। ओलीले 'राष्ट्रपतिलाई भेटेर राजीनामा दिन्छु' भन्न सकेनन्। नेकाका राष्ट्रपति पौडेलले पनि "तत्कालीन प्रधानमन्त्री ओलीको राजीनामा सेनामार्फत आउने होइन, ओलीले मलाई भेट्नु जरुरी छ" भन्न सकेनन्।

राष्ट्रपति पौडेलले ओलीको राजीनामा स्वीकृत गरेपछि जेनजी आन्दोलन गराउनेहरू नयाँ प्रधानमन्त्री खोजीमा लागे। भदौ २४ गते नेका र एमाले 'दुलो' मा पसेको बुझेका जेनजी आन्दोलनका आयोजकहरूले नेपालको संविधानविपरीत पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्री बनाउन राष्ट्रपति पौडेललाई दबाब दिएर कार्कीको सिफारिसमा प्रतिनिधिसभा भङ्ग गराई फागुन २१ गतेलाई निर्वाचन घोषणा गराए।

अन्तरिम सरकारले भदौ २३ गते निहत्था जनताको हत्या र भदौ २४ गते देशभरि आगजनी भएको बारे छानबिन आयोग त गठन गरे तर छानबिन आयोगलाई प्रतिवेदन निर्वाचनअघि पेस गर्न लगाएन। अपराधमा संलग्न भनिएकाहरू पनि निर्वाचित भए। यस्तो चुनाव स्वीकार गर्न जनता बाध्य हुनु अर्को आश्चर्य हो। छानबिन आयोगले जिल्ला जिल्ला पुगेर सरोकारवालासँग बयान लियो। बयानमा कास्की जिल्लाका प्रहरी नायव उपरीक्षक हरि बस्नेतले भने, "हतियार बचाउनुपर्छ भनी सेनालाई अनुरोध गर्दा पनि आएन।" रुपन्देही एमालेका पुष्प ढकालले प्रश्न गरे, "क्षति गर्ने पहिचान भएका छन् तर प्रहरीलाई कारबाही गर्न किन गाह्रो भयो?" हेटौंडाका रमणजङ्ग राणाले भने, "प्रहरीले उजुरी लिँदैन, माथिको आदेश छैन भन्छ।" अनलाइन खबरका अमृत सुवेदीले भने, "घर सम्पत्ति जलाउने योजनासहित भएको छ। किटानी जाहेरी दिँदा पनि प्रहरीले लिँदैन।" प्रहरीको 'माथि' को हुन्? नेपाली सेनाले प्रहरीको हतियार सुरक्षित गर्न किन चाहेन? यहाँ प्रश्न उठ्नु स्वभाविक हो।

भदौ २३ र २४ गतेको प्रकृति अध्ययन गर्दा जेनजी आन्दोलन प्रतिगमन नै भयो। पत्रकार अनिल गिरीले माउन्टेन टीभीमा स्पष्ट पारे- बालेनलाई प्रधानमन्त्री बनाउन सक्ने सेनाले भदौ २४ गते सिँहदरबार जलेको किन निभाएन? छानबिन आयोगको प्रतिवेदनमा रास्वपाबाट प्रतिनिधिसभा सदस्य भएका धेरैको नाम समावेश भई थप अनुसन्धान हुनुपर्ने उल्लेख छ। अन्तरिम सरकारदेखि निर्वाचन र त्यसपछि सरकार गठनसम्म एकढिक्का भएकाहरू नै भदौ २४ गते देशभरि आगजनी गर्नेहरूलाई कारबाही गर्न नचाहेका त होइनन्? यो प्रश्न पनि उठिरहेको छ।

कतिपय राजनीतिक विश्लेषकहरू नेपालमा भदौ २३ र २४ गतेजस्तो विध्वंस अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादले नेपाली सेनालाई प्रभावमा पारेर मात्र हुन सक्ने जोडका साथ उठाउँदै छन्। केही हप्ताअघि माओवादीका पुष्पकमल दाहालले अमेरिकी युवा सङ्गठन टीओबी, बारबरा फाउन्डेसनलगायतमार्फत साम्राज्यवादी र विस्तारवादीहरूको गोटी चलाइरहेको थाहा भएको तर नेका, एमाले, माओवादीजस्ता पालैपालो सरकारमा गएका दलहरूलाई ती संस्थाहरूबाट आफूहरूलाई केही फरक नपर्ने अनुमान गरेको लाचारी व्यक्त गरे। हुन पनि भदौ २३ र २४ गतेको विध्वंसको बेला नेकाका शेरबहादुर देउवा केही महिनापछि एमालेका प्रम ओलीको राजीनामा हुने र आफू छैटौँ पटक प्रधानमन्त्री हुने आशमा बसेका थिए। ओलीको राजीनामा त आयो तर देउवा दम्पतिले कुटाइ पनि खानुपर्‍यो, देउवा प्रम हुन पाएनन्।

निहत्था जनताको हत्या गर्ने र देशभरि आगजनी गर्नेहरू एक न एक दिन दण्डको भागीदार हुने नै छन्। अपराधीहरू सिँहदरबार वा राजनीतिक नियुक्ति वा गैरसरकारी संस्थामा पुगे पनि जोगिने छैनन्। अपराधीहरूको एक एक अभिलेख नेपाली जनतासँग छ। चन्द्र-सूर्य सधैँ अपराधीहरूको दाहिने हुनेछैन। आफैले जलाएका भवनहरू जनताको करमा सङ्कलित बजेट खर्च गरी पुन:निर्माण गरिँदैमा अपराध कसरी छोपिन्छ?

# सरकार, संवेदनहीनता र सार्वभौमिकता रक्षाको प्रश्न

✍ **विवेक**

*सरकार देशको सार्वभौमिकताबारे अत्यन्त सचेत र संवेदनशील हुनुपर्छ। देशको सार्वभौमिकता एकपटक गुमेपछि फिर्ता हुन असम्भव हुन सक्छ। जस्तोसुकै कठिन र अप्ठेरा अवस्थामा पनि नेपालको सार्वभौमिकतामाथि आँखा गाड्नेहरूमाथि सशक्त जवाफ दिन सरकार पछि पर्नुहुन्न। सार्वभौमिकताको रक्षा नै सरकारको पहिलो जिम्मेवारी र कर्तव्य हो।*

सुनसरी जिल्लाको देवानगञ्जमा दुई समूहबिच झडप हुँदा शान्ति सुरक्षाको लागि खटिएका प्रहरीको गोली लागी ३० वर्षीय ओमप्रकाश मेहता र २२ वर्षीय जय प्रकाश मेहताको ज्यान गयो र प्रहरीको गोली लागेर अरू धेरैजना घाइते भए। घटनालाई सरकारले गम्भीर रूपले लिएन। परिणामत: झगडाको असर केही दिनमै मधेस प्रदेशका विभिन्न जिल्ला सप्तरी, सिराहा, रौतहट, सर्लाही, बारा, पर्सा, महोत्तरीसम्म फैलियो। कर्फ्यु लगाउनुपर्ने अवस्था सिर्जना भयो। नागरिकको ज्यान गइसक्दा पनि सरकार घटनाप्रति संवेदनशील नभएको कारण घटनाले उग्र रूप लिएको हो।

घटना घटेको पाँच दिनपछि मात्र गृहमन्त्री सुधन गुरुङ घटनास्थल पुगे। त्यत्रो घटना हुँदा समेत कानमा तेल हालेर बसेका प्रधानमन्त्री बालेन्द्र शाहले ढिलो गरी टेलिभिजनमार्फत सम्बोधन गरे। त्यो काम पहिले नै भएको भए घटना साम्य पार्न धेरै सहज हुने थियो। पछिल्लो समय ठाउँ ठाउँमा विभिन्न पार्टीहरूले संयुक्त रूपमा सद्भाव र्‍यालीहरू निकाले। सरकार र मृतकको परिवारबिच सम्झौता भयो। यसले जनतामा शान्तिको केही आशा पलाएको छ।

घटना घटेको भोलिपल्टै प्रधानमन्त्रीले सर्वदलीय बैठक बोलाएको भए, रवि लामिछानेले बोलाएको सर्वदलीय बैठकमा प्रधानमन्त्री र गृहमन्त्रीको उपस्थिति रहेको भए वा तत्काल गृहमन्त्री घटनास्थलमा पुगेको भए मधेश प्रदेशमा यस्तो खालको अप्रिय घटना हुन पाउँदैनथ्यो। होटल होटलमा छापा मार्न र चोर पक्रन कुकुर लिएर आफै दौड्ने गृहमन्त्री गुरुङ किन समयमा त्यहाँ पुगेनन् भन्ने प्रश्न उठेको छ। यो हिंसात्मक घटना हुनुमा दुईतिहाइ प्राप्त गरेको दम्भ र घटनाप्रति असंवेदनशील सरकार पूर्णरूपमा जिम्मेवार देखिन्छ।

भदौ २३ गतेको प्रदर्शनमा गोली लागेर युवाहरूको ज्यान गएपछि घटनाको दोषी तत्कालीन गृहमन्त्री रमेश लेखक र प्रधानमन्त्री केपी ओलीको राजीनामा यी नै हालका गृहमन्त्री र प्रधानमन्त्रीले माग गरेका थिए। त्यतिबेला लेखक र ओली दोषी थिए भने अहिलेको सुनसरीबाट सुरु भई पूरै मधेसमा फैलिएको अशान्ति र ज्यान गएको घटनामा सुधन गुरुङ र बालेन्द्र शाह दोषी होइनन् भनेर कसरी भन्ने? अरूले भए जिम्मा लिनुपर्ने रास्वपाले कुनै जिम्मेवारी लिनु नपर्ने यो कस्तो न्याय हो?

तराईका सबैजसो जिल्लाहरू भारतसित सिमाना जोडिएका छन्। नेपाल भारतबिच खुला सिमाना भएको कारण दैनिक हजारौँ मानिसहरू नेपालबाट भारत जाने र भारतबाट नेपाल आउने गर्दछन्। यो अत्यन्त संवेदनशील क्षेत्र हो। खुला सीमाको फाइदा उठाएर नेपालमा अपराध गरेर भारतमा लुक्ने र भारतमा अपराध गरेर नेपालको तराईका विभिन्न क्षेत्रमा लुक्ने गरेका घटनाहरू धेरै पाइन्छ। त्यसको नियन्त्रणको लागि नेपाल-भारत सीमा नियमित गर्नुपर्ने आवाज लामो समयदेखि उठे पनि अहिलेसम्म हुन सकेको छैन।

तराईका हरेक घटनाबारे नेपाल सरकारले गम्भीरतापूर्वक लिनुपर्दछ। २०६२।६३ को आन्दोलनपछि तत्कालीन सरकारहरूले बसको टिकटजस्तै हचुवाको भरमा नेपाली नागरिकता वितरण गरेको कारण लाखौँ भारतीय नागरिकहरूले नेपाली नागरिकता लिए। अहिले तराईका लागि ती पछि नेपाली नागरिकता लिएका 'कृत्रिम नेपालीहरू' नै समस्या बनेका छन्। सरकारले ती 'नागरिक' हरूमाथि निगरानी बढाउनु आवश्यक छ।

भारत नेपालको तराई क्षेत्रलाई आफ्नै देशजस्तै व्यवहार गर्दै छ। तराईका जिल्लाहरूमा बर्सेनि सिमाना मिच्ने कार्य गर्दै छ। अहिलेसम्म ७०।७१ ठाउँमा ६० हजार हेक्टरभन्दा बढी नेपाली भूमि मिचिसकेको छ। त्यो क्रम अझै रोकिएको छैन तर सरकारले त्यसबारे अन्तर्राष्ट्रिय मञ्च वा अदालतमा आवाज उठाउन सकेको छैन। यसले भारतलाई नेपालको सिमाना मिच्न थप मनोबल प्रदान गरेको देखिन्छ।

नेपाली भूमि डुबान हुने गरी ठाउँ ठाउँमा भारतको तर्फबाट बाँधहरू बनाइएका छन्। बाँध निर्माण भारतको लागि भारतीय भूमिमा सिँचाइ हुने तर नेपाली भूमि र नेपाली गाउँहरू डुबान हुने गरेका छन्। बाँके जिल्लाको सीमा नजिकै निर्मित लक्ष्मणपुर बाँधको कारण धेरैवटा नेपाली गाउँहरू डुबानमा परे र हजारौँ नेपालीहरू विस्थापित भए। त्यसैगरी रुपन्देही जिल्ला नजिक बनेको रसियावाल खुर्दलोटन बाँधका कारण दर्जनौँ गाउँहरू डुबानमा परे र लुम्बिनी क्षेत्र पनि डुबानमा पर्ने भनी त्यसको चर्को विरोध भयो। त्यसो त डडेलधुरा जिल्लाको पूर्णागिरी बाँध, कञ्चनपुरको चाँदनी दोधारा, कपिलवस्तु नजिकको महलीसागर बाँध, बर्दियाको कैलाशपुरी बाँधजस्ता थुप्रै बाँधहरूका कारण नेपालको हजारौँ हेक्टर जमिन डुबानमा पर्दै आएको छ। यसबारे नेपाल सरकारहरूको संवेदनशीलता खोइ? नेपालको जमिन डुबानमा पर्ने गरी भारतले बनाएका ती बाँधहरू के भत्काउनुपर्ने होइन? विगतका सरकारका पालामा बनाइएका भनेर वर्तमान सरकार चुप बस्न मिल्दैन किनभने सरकार अविच्छिन्न उत्तराधिकारी संस्था हो।

नेपालको सिमानामा बनेका बाँधहरूमा नेपालीहरूको प्रवेश, फोटो खिच्नसमेत निषेध गरिएको छ। एक पटक वामपन्थी पार्टीका प्रतिनिधिहरू लक्ष्मणपुर बाँध अध्ययन गर्न जाँदा उनीहरूसँगै बाँकेका नेपालगन्ज पोस्टका एक पत्रकार पनि गएका थिए। उनले बाँधको फोटो खिचे। भारतीय प्रहरीले उनलाई पक्रेर पार्टी प्रतिनिधिहरूकै सामु निर्घात कुटपिट गरे। उनको क्यामेरा भारतीय प्रहरीले लिए क्यामेरामा कैद गरिएका सबै फोटोहरू मेट्न लगाइयो। पार्टी प्रतिनिधिहरूको रोहबरमा छुटाइयो। नेपालीहरूलाई भारतीय प्रहरीले गरेको त्यो अभद्र व्यवहार तराई र सीमावर्ती जिल्लामा बस्ने नेपालीहरूले दिनहुँ व्यहोर्नुपर्ने समस्याहरू हुन्।

नेपालको सार्वभौमिकतामाथि भारतले निरन्तर हस्तक्षेप गर्दै छ। कालापानी, लिपुलेक र लिम्पियाधुरासम्मको जमिन नेपालकै हो। त्यही क्षेत्र भारतले कब्जा गरी मानसरोवर जाने बाटो बनायो। भारतका मन्त्री अमित शाहले उक्त सडक उद्घाटन गरे। नेपालको भूमिमाथि भारतले सडक उद्घाटन गर्दा र नेपाली आकाशमा भारतीय सैनिकले हेलिकप्टर उडाउँदा पनि सरकार मौन बस्यो। यो नेपाल सरकारको देशको सार्वभौमिताप्रति संवेदनहीनता नभए के हो?

नेपालमा कार्यरत कर्मचारीहरूमध्ये तीसौँ हजारभन्दा बढीले नेपालको र विदेशको दोहोरो तलब खान्छन् भन्ने विषय सार्वजनिक भएको पनि धेरै भइसक्यो। नेपालका मुख्यमुख्य पदाधिकारीहरूले नै विदेशीको डलर र पाउन्डमा आफ्नो स्वाभिमान बेचेर विदेशीको दलाली गर्छन् भने देशको सार्वभौमिकता बलियो हुन सक्दैन। यही गतिमा देश अघि बढ्दै गएमा भोलि नेपालमाथि कुनै देशले आक्रमण वा हस्तक्षेप गरेको अवस्थामा देश बचाउन कोही अघि नबढ्ने अवस्था आउन सक्छ।

नेपालका विद्यालय कलेजहरूमा देशको सार्वभौमिकता र देशभक्ति भावनाबारे पठनपाठनको व्यवस्था हुनु आवश्यक छ। देशको सिमानामाथि कसैले एक इन्चमात्रै हस्तक्षेप वा अतिक्रमण गरेको खण्डमा त्यसको विरुद्ध लड्ने देशभक्त युवाहरू तयार गर्नुपर्छ। यो सरकार र पदाधिकारीहरूले ध्यान दिनुपर्ने विषय हो। विगतका वर्षहरूमा शिक्षक, प्राध्यापकहरूले विद्यार्थीहरूलाई थोरै भए पनि देशभक्ति भावना सिकाउँथे। विद्यार्थीहरूले केही भए पनि मातृभूमि रक्षाको निम्ति बोल्थे, लेख्थे। अहिले त्यसमा पनि कमी आएको छ।

कक्षा ११ र १२ पढाउने एकजना शिक्षकले भने-अहिले कक्षा ११ र १२ का विद्यार्थीहरूले देश र समाजबारे बुझ्दैनन्। उनीहरू अधिकांशमा पुरानाले केही गर्दैनन् भन्ने मानसिकता छ। देशको स्वतन्त्रता र सार्वभौमिकताको कुरा गर्‍यो भने उनीहरू केही मतलब गर्दैनन्।

चर्को विरोध हुँदाहुँदै पनि विदेशी स्थायी बसोबास (पी.आर.) पाएका व्यक्तिलाई अहिलेको प्रधानमन्त्रीले महान्यायाधिवक्ता नियुक्त गरे। अदालतमा मुद्दा परेपछि राजीनामा गराइयो। रास्वपाका सभापति स्वयम् अमेरिकी नागरिक भएकै बेला संसदीय निर्वाचन लडेर गृहमन्त्रीसम्म बनेका थिए। पछि सर्वोच्च अदालतले सांसद र गृहमन्त्री पद नै खारेज गरेपछि पुन: नेपाली नागरिकता लिएर निर्वाचन लडेका हुन्। उनीहरूलाई देशको सार्वभौमिकताप्रति केको माया?

भर्खर तराईमा शान्ति सुव्यवस्था कायम गर्न नेपाली सेनाको प्रयोग गरियो। नेपालीहरूबिचको द्वन्द्व समाधान गर्न के सेना प्रयोग गर्नुपर्ने अवस्थामा पुगेकै हो? सेना सरकारको अन्तिम हतियार हो। नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट शान्ति सुव्यवस्था कायम गर्न सम्भव नदेखिएपछि मात्र सेना प्रयोग गर्नुपर्ने हुन सक्छ।

सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत र राष्ट्रपति भवन जल्दा टुलुटुलु हेरेर बस्ने नेपाली सेना अहिले तराईमा भएको द्वन्द्व नियन्त्रणको लागि बन्दुक लिएर फिल्डमा उत्रनु खेदको विषय हो। सेना सीमा रक्षाको निम्ति खटनुपर्ने हो। नेपाली जनतालाई दमन गर्न, डर र त्रास देखाउन होइन।

सरकार देशको सार्वभौमिकताबारे अत्यन्त सचेत र संवेदनशील हुनुपर्छ। देशको सार्वभौमिकता एकपटक गुमेपछि फिर्ता हुन असम्भव हुन सक्छ। जस्तोसुकै कठिन र अप्ठेरा अवस्थामा पनि नेपालको सार्वभौमिकतामाथि आँखा गाड्नेहरूमाथि सशक्त जवाफ दिन सरकार पछि पर्नुहुन्न। सार्वभौमिकताको रक्षा नै सरकारको पहिलो जिम्मेवारी र कर्तव्य हो।

# ख्वपमा कानसम्बन्धी उपकरण पनि होस्



पाठक पत्र

भक्तपुर नगरपालिकाअन्तर्गत सञ्चालित ख्वप अस्पतालले भक्तपुर जिल्लाका चारओटै नगरपालिकाका जनताको साथै काठमाडौँ उपत्यकामा शिक्षा र रोजगारीको लागि आएका जनताको पनि सेवा भइरहेको सकारात्मक पक्ष हो।

काठमाडौँ उपत्यकाका अन्य नगरपालिकाले पनि आ-आफ्नो अस्पताललाई ख्वप अस्पतालजस्तै सेवामूलक र विश्वासिलो बनाउन जरुरी छ। सूर्यविनायक र चाँगुनारायण नगरपालिकाअन्तर्गत सञ्चालित अस्पतालहरू भरपर्दो नहुँदा यस क्षेत्रका बिरामीहरू ख्वप अस्पतालमा पुग्न बाध्य छन्। यसबारे जनताले सम्बन्धित नपाका जनप्रतिनिधिहरूलाई ध्यानाकर्षण गराइसकेका छन्। तर, उनीहरूको कानमा बतास लागेन किन?

ख्वप अस्पतालमा नाक, कान र घाँटीका चिकित्सकहरू पनि उपलब्ध छन्, तर यससम्बन्धी उपकरण र आदिमोलोजिस्ट उपकरणसमेत बन्दोबस्त भएमा नागरिकहरूलाई धेरै मद्दत पुग्नेछ, ख्वप अस्पतालका जिम्मेवार पदाधिकारी र जनप्रतिनिधिहरूको यसतर्फ ध्यानाकर्षण गराउँदछु।

*एस. सुवाल, सुडाल*

# स्वर्गको निर्माण

● अन्ना लुइस स्ट्रङ

*(पश्चिमी सञ्चारमाध्यमहरूमा तिब्बतसम्बन्धी विषयलाई निकै गलत ढङ्गले प्रचार हुँदै आएको छ । 'चीनले स्वतन्त्र तिब्बतमाथि कब्जा जमाएको', 'चिनियाँ जनमुक्ति सेनाले तिब्बतीहरूमाथि दुर्व्यवहार गरेको', 'तिब्बती जनताका नेता दलाइ लामालाई पदच्युत गरेको' जस्ता समाचार उनीहरू प्रचार गर्छन् । के साँच्चै 'स्वतन्त्र' तिब्बतमाथि चीनले कब्जा जमाएको हो ? तिब्बती स्वर्गलाई जनमुक्ति सेनाले नर्क बनाएको हो ? जनताको शासनविरुद्ध असफल विद्रोह गरेर दलाइ लामा भागेका हुन् कि उनलाई पदच्युत गरिएको हो ? आदि प्रश्नका विस्तृत उत्तर प्रसिद्ध अमेरिकी महिला पत्रकार अन्ना लुइस स्ट्रङको पुस्तक 'When Serfs Stood Up in Tibet' मा पाउन सकिन्छ । यो पुस्तक सन् १९६० मा प्रकाशित भएको हो ।)*

'विश्वको शिखरमा स्वर्गको निर्माण' (Build paradise on the roof of the world) नारा घन्क्यो । पञ्चेन एर्डेनी, स्वतन्त्र भएका भूदासहरू, कृषि विशेषज्ञहरू, अर्थशास्त्री तथा गणितज्ञहरू सबैजनाले यसलाई भिन्न अर्थमा बुझेका थिए ।

२२ वर्षमा पाइला टेकेका पञ्चेनले युवाहरूको भविष्यका बारेमा बोले । तिनले भने - "युवाहरूको भविष्य चम्किलो र फराकिलो छ ।" चिङ्घाइका एकजना किसानी केटालाई पञ्चेन बनाइएबाट तिनी स्वयम्को भविष्य उज्यालो र फराकिलो भएको थियो । तिनकै अध्यक्षतामा तिब्बतको नयाँ सरकारले १७ जुलाईको दिन 'प्रजातान्त्रिक सुधार' पारित गरेपछि दसौँ पञ्चेन एर्डेनीले सरकार प्रमुखका रूपमा तिब्बतमा दासप्रथा उन्मूलन गर्ने इतिहास बनाउने आशा राखिएको थियो ।

औपचारिकतास्वरूप पञ्चेनले विदेशी संवाददाताहरूबाट चुनेका दुई नेतासित दोसल्ला आदानप्रदान गरे । घ्यू चियाको घुट्की लिँदै तिनले तीन घण्टा अनौपचारिक कुराकानी गरे । तिनले बुद्ध धर्म, विद्रोह, तिब्बतको विगत र भविष्यका बारेमा कुरा गरे । केही समयपछि तिनले अतिथिहरूलाई घोडा दौड देखाउन लगे । धार्मिक तथा क्षेत्रीय नाचहरूको प्रदर्शनमा लगे । पञ्चेनका बाबु र आमाको स्वागतसँगै १० घण्टाको भ्रमण सिधियो । केही प्रतिनिधिहरूले पञ्चेन तिनको बाबु-आमासँगै बसेका फोटोहरू खिचे । पञ्चेन एर्डेनी पोतला दरबारमा नजरबन्दमा राख्नुको कारण, तिनको बुबालाई 'सैनिक विद्रोहको नेतृत्व गरेकोमा राजद्रोहको आरोप' भनेर त्यसबेला पश्चिमी सञ्चारमाध्यममा मुख्य शीर्षकमा छापिएका गलत समाचारहरूको खण्डन गर्ने आशा उनीहरूले गरेका थिए ।

तिनले बुद्ध धर्मको भविष्यको आशा गरे, यसका धेरै हाँगाहरूको आदर गरे, 'हरेकले ईश्वरको भिन्न रूपमा मान्यता राख्छ । तिब्बतमा जम्मा ४ सम्प्रदाय छन् । "तर, शाक्यमुनिका सबै अन्यायीहरूको लक्ष्य शान्ति नै हो, युद्ध नभएको स्थिति हो तथा अनन्तकालसम्म हो । कुनै पनि जातिलाई दु:ख नहोस् भन्ने उनको शिक्षामा सुधारको आवश्यकता पर्दैन । तर, भक्तजनहरूको भ्रष्ट व्यवहारको कारण सुधारको आवश्यकता भयो । समय-समयमा भक्तहरू भ्रष्ट हुन्छन् । त्सोङ खापा (Tsong Khapa) त्यसबेलाका महान सुधारक थिए, अहिले नयाँ सुधारहरूको आवश्यकता छ ।"

"मानिसहरू सुधारको माग गर्छन् तर अहिले पनि तिनीहरू बुद्ध धर्ममा विश्वास गर्छन् । हामी धर्ममा यसका दुष्ट चलनहरूको शुद्धीकरणको आशा गर्छौं । केन्द्रीय सरकारले यसप्रकारको स्वरूपमा धर्मको रक्षा गर्ने कुरामा हामी विश्वस्त छौं ।" तसर्थ, पञ्चेन एर्डेनी भविष्यमा तिब्बतका युवाहरूको उज्यालो भविष्य भएको, शुद्धीकरण भएको बुद्ध धर्मको आशा गर्छन् । उनी धर्मको उद्देश्य तथा १९५९ को तिब्बतको राजनीतिक उद्देश्यको मेलमिलाप गर्नुपर्ने अनुभव गर्छन् ।

तीन घण्टाको छलफलमा तिब्बतको चीनसितको सम्बन्धको इतिहास, बुद्ध धर्मका सम्प्रदायहरू, १४ औँ शताब्दीमा त्सोङ खापा (Tsong khapa) का सुधारहरू तथा आजका सुधारहरू आदि विभिन्न विषयहरू उठे । पञ्चेनले बताएअनुसार ऐतिहासिक रूपमा सात सय वर्षअघिको मङ्गोल वंशदेखि नै तिब्बत चीनको अङ्ग रहँदै आएको छ ।

भूदासहरू पहिलेको शासनबाट वर्तमानको स्वतन्त्रता, सरकार प्रारम्भमा तिनीहरूको आफ्ना अभिव्यक्तिहरू, खाद्यान्नमा तीव्र वृद्धिको आशा तथा यीसँगै शिक्षामा, जीवनका हरेक राम्रा कुराहरूमा तिनीहरू 'स्वर्ग' देख्छन् । विश्वमै स्वर्गको निर्माणका सन्दर्भमा विस्तृत रूपमा जान्न मैले अर्थतन्त्र विशेषज्ञ तथा पहिलो ल्हासा परीक्षणात्मक कृषिबारेमा बुझ्नतिर लागेँ ।

ल्हासा परीक्षणात्मक कृषि (फार्म) ड्रिपुङ मठसँगै ल्हासाको केही माइल पश्चिममा छ । आधा भोकमरी भएको तिब्बत, विश्वको शिखरमा कसरी स्वर्गको निर्माण गर्न सकिन्छ ? स्वतन्त्रताको शक्तिले तिब्बतीहरूको राम्रो जीवनका लागि खाना उपलब्ध गराउन सकिन्छ त ? भन्ने मेरो प्रश्नको जवाफ दिँदै व्यवस्थापक चाङ चुङ-थिन (Chang Chun Tien) ले सकिने र छिट्टै नै यस फार्मबाट खाना उपलब्ध गराउने जानकारी दिए । व्यवस्थापक चाङले बताए, "हामीलाई स्थानीय सरकार कासागले राम्रो जग्गा राख्न दिएन । दलाइ लामाले व्यक्तिगत रूपमा १९५४ मा पेचिङसँग परीक्षणात्मक फार्मको माग गरेका थिए । हामीले पोतालाको पश्चिमको फराकिलो, जग्गा यसको लागि राम्रो हुने देख्यौँ । त्यो भिरालो मलिलो, सिँचाइ गर्न सजिलो र राजमार्ग नजिकै पर्छ । त्यसमा अहिले पनि खेती गरिएको छैन । तर, हामीले खोला छेउको चरण पायौँ । आधामा बाढी जान्थ्यो र आधा ढुङ्गा र बालुवामात्र थियो । बालुवा हटाउनमात्रै ३०,००० मानव श्रम दिन लाग्यो । वर्षभरि नै हाम्रो धेरै समय बालुवा झिक्ने, बाढी रोक्न ढुङ्गाहरू राख्ने र राम्रो माटो ओसार्नमै बित्यो ।"


जलमुक्ति सेनाको उपचार टोलीलाई पशुहरू प्रदान गरेकोमा धन्यवाद दिँदै पशुपालकहरू

"हाम्रो मेहेनत खेर गएन । हामीले तिब्बतको आधारभूत खानामा विभिन्न अन्य बालीहरू उत्पादन गर्‍यौँ । ६ प्रकारका तरकारीमात्र फल्ने तिब्बतमा हामीले ४२ थरीको तरकारी उत्पादन गर्‍यौँ । बन्दा, गाजर र गोलभैँडा ठुलठुलै उमार्‍यौँ । कपडा बनाउने आलसन र पात पनि तिब्बतमा राम्रो उम्रियो ।"

"ठुलो सामर्थ्य तथा विज्ञानको प्रयोग गर्दा पनि हामीले यस माटोबाट धेरैजसो किसानहरूले राम्रो खेती गर्दा पाउनेभन्दा बढी उमार्न सकेनौँ । तैपनि, बन्दा र गोलभैँडा भने साह्रै ठुलठुला उम्रे । उत्पादन पहिलेभन्दा झण्डै दोब्बर बढ्यो ।"

स्थानीय सरकार नभएपछि पोतालाले खेत दिएन भन्ने प्रश्नमा चाङले पछि त्यसको लागि नसोधेको बताए । "त्यस खेतमा यति धेरै श्रम लगानी भइसकेको थियो र पछि यसलाई छोड्न सकिएन । जनमुक्ति सेनाले यहाँ अन्न उमारेको थियो र हामीले त्यसलाई हेरेर सिक्यौँ । पछि हामीले अरु जिल्लाहरूमा पनि धेरै खेती गर्नेछौँ । पहिला किसानहरू हामीसित बोल्न डराउँथे तर अहिले तिनीहरूले बीउबिजन मागे । विद्रोह दबाएपछि किसानहरू हामीलाई परिवारजस्तै व्यवहार गर्न थाले तथा चाहिएको जे पनि माग्न थाले । सूचना, जानकारी, बीउ, सामग्रीहरू मागे तथा कुनै पनि समस्या परेमा हामीसित छलफल गर्न आए । हामीलाई धार्मिक प्रश्नसमेत सोध्थे तर हामीहरू त्यसको जवाफ दिन अस्वीकार गर्थ्यौं ।"

तिब्बती किसानहरू असिना, बालीमा लाग्ने कीरा र मलका विषयबारे पनि चाङसँग सल्लाह गर्थे । असिनालाई लामा र मन्दिरबाट हटाउने अन्धविश्वास त्यहाँ थियो । तिनीहरू पाप लाग्ने अन्धविश्वासले बालीको कीरा मार्दैनथे । पछि किसानहरूले बिरुवा र बाली बचाउन कीरा मार्ने औषधि राख्न थाले । बाटाका ढुङ्गालाई देवता भनी घुमेर जान्थे, पछि किसानहरूले बाढी रोक्न प्रयोग गरे तथा दलाइ लामालाई सबभन्दा ठुलो दास मालिक भनी बुझे ।

व्यवस्थापक चाङसितको छलफलबाट तिब्बतको खेतीयोग्य जमिन ५००,००० एकड भएको, सालाखाला उत्पादन प्रतिएकड ११-१२ बुसेल (Bushels) भएको थाहा भयो । सबैखाले उत्पादनलाई पीठो बराबर भाग गर्दा जम्मा ५,८६६,७०० बुसेल्स हुन्थ्यो, जसमा एकतिहाइ बीउको लागि छुट्याउँदा खानाको लागि ४५,००,००० बुसेल्स तिब्बतका १२,००,००० मानिसलाई पर्न आउँछ । यसको अर्थ प्रतिव्यक्ति २२५ पाउन्ड अन्न पर्छ । यसबाट आधा भोकमरी हुन्छ ।

"अहिलेको उत्पादनलाई तेब्बर बनाउनु किसानहरूको लागि गाह्रो होइन, साधारण ठीकको माप, राम्रो सामग्री तथा बीउहरू, धेरैपटक खनजोत, मल, पानी हालेर उत्पादन बढाउन सकिन्छ । तुरुन्तै प्रतिएकड ३० बुसेल्स पाउन सकिन्छ । यो प्रतिव्यक्ति ६७० पाउन्ड अन्न हुन आउँछ । तिब्बतले तेब्बर राम्रो पर्याप्त खाना ख्वाउन सक्छ । पाँच वर्षभित्रमा प्रतिएकड ३० बसेल्स पाउन सकिनेछ ।"

तिब्बतमा कति जग्गा खेती नगरी खेर गएको र बाँझो छ भन्ने तथ्याङ्क उपलब्ध थिएन । तिब्बतसँग लाखौँ एकड घाँसे मैदान थिए । तिब्बतको भावी समृद्धिका लागि चरणहरूको व्यवस्थित विकास, कृषिमा सुधारभन्दा पनि राम्रो हुन्छ । रेल नभएसम्म तिब्बतमा ट्रयाक्टर ल्याउन ठुलो खर्च लाग्थ्यो । त्यसबेला तिब्बतीहरू फलामको हल प्रयोग गरेमा माटो विषालु हुन्छ भन्ने अन्धविश्वास राख्थे । तिब्बतमा गोबर बाल्ने काममा लगाउँथे, जलाउने काममा गोबरको विकल्प नभएसम्म गोबरलाई मलको लागि प्रयोग गर्न गाह्रो थियो । त्यसबेला स्थानीय सरकार कासागसँग के कति खेतीयोग्य जमिन छ, के कति गौचरण छ आदिबारे कुनै ठीकठीक तथ्य तथ्याङ्क थिएन । ५५ लाखदेखि ७० लाख जति याक, घोडा, गाई-वस्तु, भैँडा, च्याङ्ग्रा आदि भएको अनुमान थियो । तिब्बतमा घ्यू उत्पादन हुन्छ तर बाल्ने काममा लगाइन्थ्यो, जोखाङ मठमा मात्रै वर्षमा ३ लाख पाउण्ड घ्यू बालिन्थ्यो । तिब्बतमा दस किसिमका हस्तकलाहरू थिए । चालू हस्तकलालाई बढावा दिएर ठुला उद्योगहरू सञ्चालन गर्न सकिन्थ्यो । त्यसको निम्ति पहिला यातायातको सुविधा हुनु आवश्यक थियो । भित्री मङ्गोलिया, चिङ्घाई र सिक्याङको भन्दा तिब्बतको घाँस कमसल थियो । काला नदी जिल्ला (Nogchuka) मा १,७१,००० वर्ग किलोमिटर चरण इलाकामा ८०,००० वर्ग किलोमिटरमात्रै चरणमा लगाइन्थ्यो ।

त्यस्तै, तिब्बतमा खनिज पदार्थहरू पनि प्रशस्त छन् । कासागले त्यति धेरै भौगर्भिक उत्खनन गर्न नदिए पनि केही अन्वेषणहरू भएका थिए । गलैँचा, छाला, काठ, ऊनको कपडा भारत निर्यात हुन्थ्यो भने ढुङ्गा, चुन ढुङ्गा र इँटाको उत्पादन हुन्छ । माछा पनि प्रशस्त हुन्थ्यो तर धर्मले स्वीकार्नुपर्दथ्यो ।

तिब्बतमा पानी ऊर्जा प्रशस्त थियो । तर, यो हिउँको पग्लाइमा भर पर्छ । तथापि तिब्बतमा धेरै खोलाले ऊर्जा दिन सक्नेछन् ।

***स्रोत : तिब्बतका भू-दासहरू उठ्दा***


[illegible]




दक्षिण अमेरिकी देश कोलम्बियाको राजधानी बोगाटामा दक्षिणपन्थी नयाँ राष्ट्रपति अबेलार्दो डे ला इस्प्रेइलाको शपथग्रहण र सत्तामा आउनेबित्तिकै आर्थिक कटौती र आर्थिक र सामाजिक नीतिमा परिवर्तनको घोषणाविरुद्ध सडक विरोध प्रदर्शनमा उत्रेका कोलम्बियाली जनता अगस्ट ७, २०२६ को दिन ।

*तस्बिर : भानेस्सा रामेरो/एएफपी*

# कोलम्बियामा नवनिर्वाचित राष्ट्रपतिको ऊर्जा नीतिमा बदलावको सङ्केत




बोगोटा, २३ साउन (एपी) । कोलम्बियाका नवनिर्वाचित राष्ट्रपति एबेलार्डो डे ला एस्प्रिएलाले ऊर्जा क्षेत्रमा नयाँ नीति अघि बढाउने सङ्केत गर्नुभएको छ । उहाँले देशको तेल तथा ग्यास क्षेत्रलाई पुनर्जीवित गर्ने प्रतिबद्धता जनाउनुभएको छ । सरकारी स्वामित्वको ऊर्जा कम्पनी 'इकोपेट्रोल' को पुन:संरचना र विद्युत् प्रणाली सुदृढीकरणलाई पनि प्राथमिकता दिने उहाँले बताउनुभएको छ ।

पदभार ग्रहण समारोहमा बोल्दै उहाँले ऊर्जा सुरक्षा आफ्नो सरकारको प्रमुख प्राथमिकता हुने बताउनुभयो । कोलम्बियाले तेल, ग्यास र कोइलाबाट वायु तथा सौर्य ऊर्जाजस्ता स्वच्छ ऊर्जा स्रोततर्फको रूपान्तरणलाई निरन्तरता दिने उहाँले बताउनुभयो । तर त्यस क्रममा देशको तेल तथा ग्यास उद्योगलाई कमजोर नबनाइने उहाँले स्पष्ट पार्नुभयो ।

"म ऊर्जा रूपान्तरणमा विश्वास गर्छु । तर, त्यो रूपान्तरण कमजोरीबाट होइन, बलियो आधारबाट र परनिर्भरताबाट होइन, आत्मनिर्भरताबाट हुनुपर्छ," उहाँले भन्नुभयो ।

उहाँको भनाइले पूर्वराष्ट्रपति गुस्ताभो पेट्रोको ऊर्जा नीतिबाट महत्त्वपूर्ण परिवर्तनको सङ्केत गरेको छ । पेट्रो सरकारले नयाँ तेल तथा ग्यास अन्वेषण सम्झौता रोक्दै नवीकरणीय ऊर्जाको विस्तार र अमेजन संरक्षणलाई प्राथमिकता दिएको थियो ।

डे ला एस्प्रिएलाले राष्ट्रपतीय अभियानकै क्रममा तेल तथा ग्यास उत्पादन बढाउने र पेट्रो सरकारका ऊर्जा नीतिका केही प्रमुख पक्ष परिवर्तन गर्ने प्रतिबद्धता जनाउनुभएको थियो ।

ऊर्जा सुरक्षालाई 'राष्ट्रिय सार्वभौमिकताको विषय' भन्दै उहाँले प्राकृतिक स्रोतको विकास नगरी कोलम्बियाले दीर्घकालीन आर्थिक समृद्धि हासिल गर्न नसक्ने बताउनुभयो ।

अघिल्लो सरकारले इकोपेट्रोललाई कमजोर बनाएको आरोप लगाउँदै उहाँले कम्पनीको पुनर्निर्माणलाई आफ्नो सरकारको 'निर्णायक र पूर्ण प्राथमिकता' बनाउने बताउनुभयो । इकोपेट्रोल कोलम्बियाको बहुमत सरकारी स्वामित्व रहेको प्रमुख तेल कम्पनी हो । यो सरकारी राजस्व र निर्यात आम्दानीको महत्त्वपूर्ण स्रोतसमेत हो ।

घट्दो तेल तथा ग्यास भण्डारलाई पुन: विस्तार गर्न अन्वेषण गतिविधि बढाइने उहाँले बताउनुभयो । यसबाट ऊर्जा सुरक्षा सुनिश्चित गर्नुका साथै क्षेत्रमा पुन: लगानी आकर्षित गर्ने उहाँको भनाइ छ ।

घट्दो इन्धन भण्डार, ऊर्जा परियोजनामा भइरहेको ढिलाइ र बढ्दो विद्युत् मागका कारण देशको ऊर्जा प्रणाली 'गम्भीर अवस्थामा' रहेको उहाँले बताउनुभयो ।

आगामी 'एल निनो' मौसमी घटनाले लामो खडेरी निम्त्याउन सक्ने र त्यसबाट जलविद्युत् उत्पादन प्रभावित हुनसक्ने उहाँले बताउनुभयो । यस्तो जोखिम सामना गर्न तत्काल कदम चाल्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

"एल निनो घटनाले हामीलाई पर्खने छैन । यसलाई पार गर्न तत्काल समाधान कार्यान्वयन गर्नु अत्यावश्यक छ," उहाँले भन्नुभयो ।

# युवा आन्दोलनले बढायो मोदी सरकारमाथि दबाब

नयाँदिल्ली, २३ साउन (एएफपी) । युवा नेतृत्वको विरोध प्रदर्शनका कारण भारतका शिक्षामन्त्रीले राजीनामा दिएको दुई सातापछि प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकार पछिल्ला वर्षमा देखिएको गम्भीर राजनीतिक चुनौतीको सामना गरिरहेको छ ।

अनलाइन समूह 'ककोच जनता पार्टी' (सीजेपी) को नेतृत्वमा सुरु भएको प्रदर्शन नयाँ दिल्लीबाट विभिन्न सहरमा फैलिएको थियो । परीक्षा अनियमितताविरुद्ध सुरु भएको आन्दोलन पछि बेरोजगारी, युवाका लागि रोजगारी तथा अवसरको कमी र सरकारको बढ्दो नियन्त्रणकारी शैलीप्रतिको असन्तुष्टिसम्म विस्तार भएको थियो ।

प्रदर्शनकारीका प्रमुख माग सम्बोधन भएपछि आन्दोलन केही मत्थर भएको छ । तर, यसले भारतका युवामा बढ्दो असन्तुष्टि र सरकारप्रतिको विश्वासको अवस्थाबारे गम्भीर प्रश्न उठाएको छ ।

**मोदीमाथि दबाब**

जुलाई २५ मा शिक्षामन्त्रीको राजीनामा हुनु मोदी सरकारका लागि दुर्लभ राजनीतिक धक्का मानिएको छ । एक दशकभन्दा बढी समयदेखि बलियो नेतृत्वको छवि बनाएका मोदी सरकारमाथि प्रदर्शनले दबाब बढाएको हो ।

सरकारले युवालाई लक्षित गर्दै विभिन्न पहल अघि बढाएको छ भने संसद्ले परीक्षामा प्रश्नपत्र चुहावट तथा अनियमितताविरुद्ध कडा सजायको व्यवस्था गरेको छ ।

प्रदर्शनकारीमाथि प्रहरीले अत्यधिक बल प्रयोग गरेको आरोप लागेपछि केही सहरमा उनीहरूविरुद्ध दर्ता गरिएका मुद्दा फिर्ता लिइएको छ ।

प्रदर्शनले सामाजिक सञ्जालमार्फत युवाहरूले आफ्नो सन्देश तीव्र रूपमा फैलाउनसक्ने अवस्थासमेत उजागर गरेको छ । 'एक्स'का सक्रिय



प्रयोगकर्ता मोदीले युवामाझ लोकप्रिय इन्स्टाग्राममा समेत गतिविधि बढाउँदै ठाडो ढाँचाका भिडियो सार्वजनिक गर्न सुरु गर्नुभएको छ ।

**निगरानी र इन्टरनेट अवरोध**

प्रदर्शनका क्रममा प्रदर्शनकारीको पहिचान तथा निगरानीका लागि अधिकारीहरूले कृत्रिम बुद्धिमत्ता (एआई) प्रविधियुक्त क्यामेरा प्रयोग गरेको विषय पनि चर्चामा आएको छ ।

केही महिला प्रदर्शनकारीले आन्दोलनका क्रममा खिचिएका आफ्ना भिडियो सामाजिक सञ्जालमा भाइरल भएपछि अनलाइन धम्की र दुर्व्यवहारको सामना गर्नुपरेको बताएका छन् ।

नयाँ दिल्लीमा प्रदर्शनको मुख्यस्थल वरपर इन्टरनेट सेवा अवरुद्ध गरिँदा प्रदर्शनकारीबीचको सञ्चारमा असर परेको थियो । त्यसपछि युवाहरूले सम्पर्कमा रहन वैकल्पिक माध्यमको प्रयोग गरेका थिए ।

इन्टरनेट अवरोधको निगरानी गर्ने संस्था एक्सेस नाउका अनुसार गत वर्ष भारत विश्वमै सबैभन्दा बढी इन्टरनेट बन्द गर्ने देशमध्ये दोस्रो स्थानमा थियो । विरोध प्रदर्शन, द्वन्द्व र साम्प्रदायिक हिंसाका बेला स्थानीय स्तरमा इन्टरनेट सेवा बन्द गरिएका थिए ।

**परीक्षा अनियमितताभन्दा व्यापक असन्तुष्टि**

प्रश्नपत्र चुहावट आन्दोलनको मुख्य कारण भए पनि युवाहरूको असन्तुष्टि चाँडै रोजगारी, आर्थिक अवसर र सार्वजनिक संस्थाप्रतिको विश्वासको कमीमा केन्द्रित भएको थियो ।

वर्षौंसम्म अध्ययन गरेपछि अत्यन्त प्रतिस्पर्धात्मक परीक्षामा सहभागी हुने र त्यसपछि पनि स्थिर रोजगारीको अनिश्चितता सामना गर्नुपर्ने अवस्थाले धेरै युवामा निराशा बढाएको छ ।

सरकारले परीक्षा प्रणालीमा हुने अनियमितता नियन्त्रण गर्न कदम चाले पनि आन्दोलनका क्रममा उठेका रोजगारी र आर्थिक अवसरसँग सम्बन्धित व्यापक प्रश्न तत्काल समाधान गर्न कठिन देखिन्छ ।

**आन्दोलनको प्रभाव**

प्रदर्शनले ठूलो सङ्ख्यामा अनलाइन समर्थक भएको युवा आन्दोलनलाई जन्म दिएको छ । यद्यपि यसले दीर्घकालीन राजनीतिक प्रभाव पार्छ कि पर्दैन भन्ने अझै स्पष्ट छैन ।

सीजेपीले परीक्षा अनियमितताविरुद्ध आवाज उठाइरहने र युवाका समस्या बुझ्न 'राष्ट्रव्यापी श्रवण भ्रमण' सञ्चालन गर्ने जनाएको छ ।

पूर्वी राज्य झारखण्डमा अझै प्रदर्शन जारी रहनुले राजधानीबाट सुरु भएको असन्तुष्टि अन्य क्षेत्रमा पनि कायम रहेको सङ्केत गरेको छ ।

सीजेपीका संस्थापक अभिजीत दीपकले सार्वजनिक संस्थाप्रतिको विश्वास र निष्पक्षता पुन:स्थापित गर्न जनआन्दोलन आवश्यक रहेको बताउनुभएको छ ।

"जनता यी विषयबाट निकै निराश र थकित भएका छन् । त्यसैले हाम्रो आन्दोलनले यति ठूलो समर्थन पाएको हो", उहाँले भन्नुभयो । तर उहाँले सीजेपी तत्काल राजनीतिक दलका रूपमा नभई दबाब समूहका रूपमा काम गर्ने स्पष्ट पार्नुभयो ।

# टाइफुन डल्फिनको जोखिमपछि पूर्वी चीनमा विद्यालय र पर्यटकीय गतिविधि बन्द

पेइचिङ, २३ साउन (एपी) । टाइफुन डल्फिन चीनको पूर्वी तटतर्फ अघि बढेपछि अधिकारीहरूले उच्च सतर्कता अपनाएका छन् । आँधीको जोखिमलाई ध्यानमा राख्दै विद्यालय तथा पर्यटकीयस्थलहरू बन्द गरिएको छ ।

आँधीको अधिकतम निरन्तर हावाको गति करिब १६२ किलोमिटर प्रतिघण्टा पुग्ने अनुमान गरिएको छ । आँधीसँगै भारी वर्षा हुने र त्यसबाट बाढी तथा पहिरोको जोखिम बढ्ने अधिकारीहरूले बताएका छन् ।

टाइफुन आइतबार राति झेजियाङ प्रान्त तथा छिमेकी फुजियान प्रान्तको उत्तरी क्षेत्रमा पुग्ने अनुमान गरिएको छ । चीनको प्रमुख आर्थिक सहर साङ्घाई पनि आँधीको सम्भावित मार्गमा रहेको छ ।

अधिकारीहरूले टाइफुनको जोखिमलाई ध्यानमा राख्दै तेस्रो तहको आपत्कालीन प्रतिक्रिया घोषणा गरेका छन् । चीनको चार तहको आपत्कालीन प्रणालीमा यो दोस्रो न्यून स्तर हो ।

झेजियाङ प्रान्तका धेरै पर्यटकीयस्थल शनिबार र आइतबार बन्द गरिएको छ । फेरि तथा क्रुजलगायत पानीमा सञ्चालन हुने सबै गतिविधि पनि रोकिएको छ ।

प्रान्तको प्रमुख सहरमध्ये एक निङ्बोमा सप्ताहन्तभर विद्यालय तथा अन्य शैक्षिक संस्था बन्द गर्न आदेश दिइएको छ ।

अधिकारीहरूले भारी वर्षा र तीव्र हावाबाट हुनसक्ने क्षति न्यूनीकरण गर्न आवश्यक सुरक्षा तथा उद्धार तयारीलाई तीव्र बनाएका छन् ।

# किएभमा रूसी आक्रमण : तीन जनाको मृत्यु – सैन्य अधिकारी

किएभ, २३ साउन (एएफपी) । युक्रेनको राजधानी किएभको उत्तरपूर्वी जिल्लामा भएको रूसी आक्रमणका कारण एक जना बच्चासहित तीन जनाको मृत्यु भएको क्षेत्रीय सैन्य अधिकारीले शनिबार जानकारी दिएका छन् भने किएभले प्रतिआक्रमणमा ब्यालेस्टिक मिसाइलको प्रक्षेपण गर्ने चेतावनी दिएको छ ।

पछिल्लो समयमा मस्कोले युक्रेनका विभिन्न क्षेत्रमा आफ्ना आक्रमणहरू उल्लेखनीय रूपमा बढाएको जनाइएको छ ।

किएभको उत्तरपूर्वी ब्रोभरी जिल्लामा भएको रूसी आक्रमणमा पीडितहरूको मृत्यु हुनुका साथै अन्य तीन जना घाइते भएको क्षेत्रीय सैन्य प्रशासनका प्रमुख तिमुर टाकाचेन्कोले टेलिग्राममार्फत जनाउनुभएको छ ।

आक्रमणका कारण खसेको भग्नावशेषले घर तथा सवारी साधनमा क्षति पुगेको र गैर आवासीय भवनमा आगलागी भएको उहाँले बताउनुभएको छ ।

युक्रेनको आपतकालीन सेवाले पुखिभ्का गाउँमा भएको रूसी आक्रमणले एउटा दुई तले घर र दुई वटा कार क्षतिग्रस्त हुनुका साथै गोदाममा आगलागी भएको उल्लेख गर्दै आगो बलिरहेको भवनको फोटो सार्वजनिक गरेको छ ।

युक्रेनको वायुसेनाले उत्तरबाट ब्यालेस्टिक हतियार प्रयोगको खतराबारे चेतावनी दिँदै गर्दा राजधानीमा विस्फोट भएको एएफपीले जनाएको छ ।

सहरमा रातभर भएको आक्रमणमा चार जना घाइते भएको किएभको सैन्य प्रशासनले टेलिग्राममार्फत जनाएको छ ।

आक्रमणमा ब्यालेस्टिक मिसाइलको प्रयोगका कारण किएभमा हवाई आक्रमणको चेतावनी घोषणा गरिएको छ भने स्थानीय बासिन्दाहरूलाई सुरक्षित स्थानमा जान निर्देशन दिइएको थियो ।

## सन्दर्भ : जयराम बासुकलाको २२ औं स्मृति दिवस

# “जनताको समस्यामा ध्यान दिनु नै राजनीतिको उद्देश्य हो”

जनताको सेवा नै सर्वोपरि ठान्ने शिक्षाप्रेमी, न्यायप्रेमी, विकासप्रेमी र प्रेरक व्यक्तित्व जयराम बासुकलाको जन्म वि.सं. २००९ असार ३ गते भक्तपुरको ताथलीस्थित सौडोलमा भएको थियो । जयराम बासुकलाको शिक्षारम्भ गणेश प्रावि ( हाल गणेश मावि) ताथलीबाट भयो । शारदा मावि, भक्तपुरबाट मावि शिक्षा पूरा गरी उहाँले महेन्द्ररत्न क्याम्पस, ताहाचल काठमाडौँबाट आई.एड. उत्तीर्ण गर्नुभयो । उहाँले नियमित स्वअध्ययनलाई निरन्तरता दिनुभयो ।

उहाँ वि.सं. २०२२ देखि कम्युनिस्ट आन्दोलनका विभिन्न चरणहरूमा सक्रिय हुँदै आउनुभयो । वि.सं. २०२७ सालदेखि नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घमा आबद्ध भई वि.सं. २०३१ सालदेखि नेमकिपा (तत्कालीन नेपाल मजदुर किसान सङ्गठन) ताथलीको अध्यक्ष रही सक्रियतापूर्वक अगाडि बढ्नुभयो ।


‘सादा जीवन, उच्च विचार’ का मृदुभाषी बासुकला सबैसँग सरल र प्रेमपूर्ण व्यवहार गर्नुहुन्थ्यो । उहाँ भन्नुहुन्थ्यो, “समाजको विकास र जनताको समस्यामा ध्यान दिनु नै राजनीतिको उद्देश्य हो ।” बालकदेखि वृद्धसम्म सबै उहाँका साथी र सहयोगी हुन्थे । यस्ता अनुकरणीय मानवीय गुणका धनी बासुकला गरिब जनताको शिक्षा र जीवनस्तर उठाउन लागिपर्नुहुन्थ्यो । निरन्तर गरिबवर्गको उत्थान, आफ्नो क्षेत्रभित्रको भौतिक विकास, शिक्षण सङ्घ-संस्थाको स्थापना, ताथली खानेपानीको स्थापना, गाविसको सिँचाइ योजना निर्माणजस्ता महत्त्वपूर्ण पक्षमा नेतृत्व गरेका बासुकलाले ताथलीमा नेमकिपाको विस्तार गर्नुभयो । कम्युनिस्टहरू भौतिक लोभलालचमा फस्नु हुन्न भन्ने मान्यता राख्ने उहाँ घरमा पशुपालन, कृषि आदि काममा लगनशील हुनुहुन्थ्यो ।

शिक्षा विकासको पूर्वाधार र जीवनको आधारशीला हो भन्ने बासुकलाले वडा नं. ७ मा रहेको भूत मन्छिने डाँडालाई पन्छाएर स्कूल स्थापना गर्ने भनी टोलका गुठियारहरू सबैलाई प्रेरित गरी डाँडा पन्छाएर वि.सं. २०२५ मङ्सिर १९ गते देवी माईको नामकरणबाट देवी राष्ट्रिय प्राइमरी स्कूलको स्थापना गर्ने काममा सफलता हासिल गर्नुभयो । वि.सं. २०२५ सालदेखि सोही विद्यालयमा उहाँ स्वयम्सेवक शिक्षकको रूपमा काम गर्नुभयो । नयाँ शिक्षा योजना ( रा.शि.प.यो.) २०२८ को सिलसिलामा वि.सं. २०३० मा स्थायी प्राथमिक शिक्षकको रूपमा नियुक्ति पाई २०३८ चैत मसान्तसम्म शिक्षक रहनुभएका बासुकला सामाजिक र राजनीतिक कार्यमा पनि उत्तिकै ध्यानपूर्वक लाग्नुभएको थियो । झूटो आश्वासन र मीठो सपना नबाँड्ने अनि आफ्नै खुट्टामा उभिन र निराश नहुन प्रेरित गर्ने उहाँको बानी थियो ।

वि.सं. २०४३ सालदेखि नेमकिपा भक्तपुर जिल्ला समितिका सदस्य बासुकला वि.सं. २०५२ मङ्सिर ७ गते नेमकिपा भजिसका संयोजक रहनुभयो । वि.सं. २०५५ भदौ २४ गते भएको दोस्रो भक्तपुर जिल्ला सम्मेलनबाट उहाँ कोषाध्यक्षमा निर्वाचित हुनुभयो । वि.स. २०५८ को तेस्रो जिल्ला सम्मेलन र वि.स. २०६१ को चौथो जिल्ला सम्मेलनबाट उहाँ सदस्यमा निर्वाचित हुनुभयो । वि.सं. २०५५ मा नेक्राकिसङ्घको प्रथम जिल्ला सम्मेलनबाट अध्यक्ष र वि.सं. २०५९ मा सम्पन्न दोस्रो जिल्ला सम्मेलनबाट उपाध्यक्षमा निर्वाचित हुनुभयो । पछिल्लो समय उहाँ नेमकिपा भक्तपुर जिल्ला समितिका कोषाध्यक्ष, नेमकिपा ताथली गाउँ एकाइ समितिका सल्लाहकार हुनुहुन्थ्यो ।

वि.सं. २०३९ सालमा स्थायी शिक्षक पदबाट राजीनामा दिई ‘प्रतिक्रियावादी सङ्घ-संस्थाभित्र रहेर पनि देश र जनताको सेवा गर्नुपर्छ’ भन्ने लेनिनवादी सिद्धान्त र पार्टीको नीतिअनुरूप उहाँ ताथली गाउँ पञ्चायतमा प्रधानपञ्च चुनिनुभयो ।

वि.सं. २०४६ सालसम्म निरन्तर गाउँ पञ्चायतका प्रधानपञ्च र वि.सं. २०४६ सालपछि बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा वि.सं. २०५४ सालसम्म निरन्तर ताथली गाविस अध्यक्षमा निर्वाचित हुनुभएको थियो । यसैगरी वि.सं. २०४९ सालमा जिल्ला विकास समितिमा इलाका नं. ५ का इलाका सदस्यको रूपमा



निर्वाचित हुनुभयो । वि.सं. २०५२ सालमा राष्ट्रियसभा सदस्यमा उम्मेदवार बनेका बासुकला आफ्नो गाउँ र जिल्लाका जनताको हृदयमा रहन सफल हुनुभयो ।

उहाँ एक सङ्घर्षशील, उत्तरदायी, कर्तव्यपरायण, सहनशील, मेहनती, सिद्धान्तनिष्ठ व्यक्ति हुनुहुन्थ्यो । उहाँमा साँच्चै एउटा असल कार्यकर्तामा हुनुपर्ने गुण थियो । जनताको समस्या समाधान गर्न उहाँ जहिल्यै अगाडि रहनुहुन्थ्यो । सामाजिक कार्य (बाटोघाटो, खानेपानी, इनार, कुवा, सिँचाइ, नहर, विद्युत्, टेलिफोन, कृषि, हुलाक आदिको विकास निर्माण) ले गर्दा आफ्नो आलोचना र विरोधबाट कहिल्यै नरिसाउने अनुकरणीय स्वभावको र कसैले पनि बिर्सन नसक्ने गुण उहाँमा थियो । कुनै पनि सामाजिक कार्य गर्दा विपक्षीहरूले आलोचना गरे तापनि सबैलाई चित्त बुझाएर काम गर्ने, व्यक्तिगत स्वार्थ, पद र प्रशंसाप्रति कहिले पनि लालायित नहुने, कुनै समस्याबाट नआत्तिने, धैर्यवान, सरल र मिजासिलो स्वभावका त्यागी, जनताका सहयोगी, निश्चल, लगनशील, विकास निर्माण कार्यमा जोड दिने, सामाजिक चेतना र जागरणमा निरन्तर लाग्नु आफ्नो प्रमुख काम ठान्ने उहाँको अविस्मरणीय कार्यलाई कसैले भुल्न सक्दैन ।

वि.सं. २०३२ सालमा स्थानीय जालीफटाहाविरुद्धको सङ्घर्षको क्रममा चार दिन हिरासतमा बिताएका उहाँ पार्टीको निर्देशनानुसार बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन, सुस्तामाथि भारतीय हस्तक्षेपविरुद्धको सङ्घर्ष, भियतनाममाथि अमेरिकी आक्रमणविरुद्धको सङ्घर्ष, भूमिकरविरुद्धको सङ्घर्षमा सक्रिय हुनुभयो । नेमकिपालाई वि.सं. २०४५ सालमा भक्तपुर काण्ड रची तहसनहस गर्ने राज्यस्तरको षड्यन्त्रमा १५ महिना जेल जीवन बिताइरहेको समयमा उहाँलाई भेट्न जाने आफ्ना कार्यकर्ता साथीहरूलाई विचलित नहुन र पार्टीको नीतिअनुरूप गतिविधि चलाउन सल्लाह र सुझाव दिनुहुन्थ्यो । वि.सं. २०४६ सालमा पनि पटकपटक उहाँ जेल पर्नुभएको थियो । प्रतिगमनविरोधी विभिन्न संयुक्त कार्यक्रममा उहाँ अग्रपङ्क्तिमा हुनुहुन्थ्यो ।

वि.सं. २०५५ देखि वि.सं. २०५९ सम्म र वि.सं. २०६१ मा देवी माविको व्यवस्थापन समितिका अध्यक्ष जयराम बासुकला देवी माविलाई उच्च मावि बनाउने लक्ष्य लिई अघि बढिरहनुभएको थियो । शिक्षाप्रेमी जयराम बासुकला डाँडापाटी प्रावि, दक्षिणकाली प्रावि, फैढोका प्राविका संस्थापक, हिमालयन ग्लोरी ई. स्कूलका संस्थापक सदस्य, शारदा क्याम्पसका संस्थापक सदस्य एवं व्यवस्थापन समितिका आजीवन सदस्य, ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज व्यवस्थापन समितिका सदस्य हुनुहुन्थ्यो । अनौपचारिक शिक्षालाई समेत विशेष प्राथमिकता दिने जयराम बासुकला ताथली गाविसलाई पहिलो पूर्ण साक्षर गाविस बनाउन दत्तचित्त भई निरक्षरता उन्मूलन कार्यक्रममा सक्रियतापूर्वक लाग्नुभयो । उहाँको पहलमा सो कार्यक्रमका लागि स्व. सानुमाया बासुकला स्मृति अक्षयकोषको व्यवस्था गरिएको थियो । देवी माविको भवन विस्तार गर्ने क्रममा डाँडो पन्छाउने कार्यमा वि.सं. २०४९ भदौ २० गते अकस्मात् माटोको ढिस्कोले पुरिएर दिवङ्गत भएका शिक्षक कृष्ण बासुकला र छात्र सङ्घर्ष बासुकलाको स्मृति दिवस मनाउन अक्षयकोषको लागि चन्दा सङ्कलन गर्न र विद्यालय हातामा सालिक स्थापना गर्न उहाँले सक्रिय भूमिका निर्वाह गर्नुभयो ।

बहुआयामिक व्यक्तित्व बासुकला नेपालभाषा साहित्य त:मुंज्याका सदस्य, विविध भाषा साहित्य सम्मेलनका सहयोगी, देवी महिला बचत तथा ऋण सहकारी संस्था, देवी युवा क्लब र कँडेलापाखा वन उपभोक्ता समितिका सल्लाहकार, ताथली खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्षको रूपमा सेवारत हुनुहुन्थ्यो । परम्परागत कृषि प्रणालीमा सुधार गरी तन्तु (टिस्यु कल्चर) प्रविधिको प्रचारप्रसारमा (तत्कालीन रोनास्ट) नास्टसँग उहाँले सहकार्य गर्नुभयो । भक्तपुर नाला सडक सुधार समितिका सदस्य रहेका जयराम बासुकलाले भक्तपुर नाला सडकलाई अरनिको राजमार्गको सहायक राजमार्गको रूपमा स्थापनाको लागि क्रियाशील रहनुभयो ।

वि.सं. २०६२ साउन २१ गते मृत्युको दुई दिनअघि उहाँ आफू खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको अध्यक्ष भएर पनि मुहान र पाइप मर्मत गर्न आफैं लाग्नुभएको थियो । पद र नामभन्दा काम प्रमुख हो भन्ने कुरामा उहाँ विश्वास गर्नुहुन्थ्यो । वि.सं. २०६२ साउन २४ गते बिहान हामी सबैलाई स्तब्ध तुल्याउँदै सदाको लागि उहाँ बित्नुभयो ।

विश्व कम्युनिस्ट सिद्धान्तका प्रतिपादक कार्ल मार्क्सले अरूको प्रशंसा गरेर समय खेर फाल्नुभन्दा उसका गुण अनुसरण गर भन्नु भएजस्तै जयराम बासुकलाबाट धेरै सिक्नु छ । मिलनसार भई सबैलाई समेटी काम गर्ने सिद्धान्तप्रति दृढ रहने, सामाजिक कार्यमा निरन्तर अग्रसरता देखाउने, शिक्षा क्षेत्रलाई अगाडि बढाउन तल्लीन रहने र विकास निर्माणमा लगनशील भई लाग्ने उहाँका गुणहरूको अनुसरण गरी उहाँका अधुरा सपना साकार पार्न अग्रसर भएर लाग्नु नै हाम्रो कर्तव्य हो । यही नै उहाँप्रतिको सच्चा श्रद्धाञ्जली हुनेछ ।

***स्रोत : जयराम स्मृति अक्षयकोष, ताथली***

# समुदायसँगै विपद् प्रतिकार्यको पहल

**- टीकाराम सुनार**

गत असार २८ गते कैलालीको गोदावरी नदी एक्कासी उर्लेर आयो । केही क्षणअघि सामान्य देखिएको नदीले एकाएक रौद्र रूप लियो । बर्दगोरिया गाउँपालिका-१ का ३३ वर्षीय अपिल मल्ल नदीको बिचभागको बगरमा थुनिए । चारैतिर बाढीको भेल थियो । अगाडि बढ्ने बाटो थिएन, फर्किने सम्भावना थिएन ।

मल्लका लागि प्रत्येक मिनेट मूल्यवान् थियो । घटनाको सूचना पाएलगत्तै प्रहरीको उद्धार टोली परिचालित भयो । केहीबेरमै अपिल सकुशल बाहिर निकालिए । त्यसअघि गत जेठ २ गते गोदावरी–११ ओलानीमा रुखमा अड्किएका ७३ वर्षीय लालबहादुर सुनारलाई सूचना पाएलगत्तै सशस्त्र प्रहरी नं ७ वैद्यनाथ वाहिनीबाट खटिएको तालिमप्राप्त टोलीले सकुशल उद्धार गर्‍यो । यही साउन १२ गते कञ्चनपुरको दोधारा चाँदनी नगरपालिका-४ मालिका टोल नजिक महाकाली नदीको बिचभागमा फसेका ४५ वर्षीय रामबहादुर सिंहको पनि समयमै प्राप्त सूचनाका आधारमा सकुशल उद्धार भयो ।

यही वर्षको मनसुनमा सुदूरपश्चिममा यस्ता दृश्य पटक-पटक दोहोरिए । दोधाराचाँदनी नगरपालिका-१० का नरेन्द्र बुढाका लागि यस्ता घटना केवल प्राकृतिक विपत्ति होइनन्, कहिल्यै नबिर्सिने स्मृति पनि हुन् । विपद्का प्रसङ्ग आउनेबित्तिकै उहाँलाई २०६५ असोजको घटना याद आउँछ । महाकाली नदीको बाढी पस्दा त्यसबेला स्थानीय शान्ति टोलमा नौ जनाले ज्यान गुमाएका थिए । बाढीले बस्ती तहसनहस भएको थियो । त्यस घटनाले सिङ्गो समुदायलाई वर्षौंसम्म त्रसित बनायो तर समयसँगै धेरै कुरा फेरिए । विसं २०८१ असारमा फेरि महाकाली उर्लियो । शान्ति टोल र कटाराखल्लालगायत क्षेत्र डुबानमा परे । घर, पशुचौपाया र धनमालमा धेरै क्षति पुग्यो, तर मानवीय क्षति भएन । बुढा भन्नुहुन्छ, “उस्तै प्रकृतिका घटनामा पनि समयमै सूचना, छिटो उद्धार र प्रभावकारी प्रतिकार्य हुन सके धेरै जीवन बचाउन सकिँदो रहेछ । पछिल्ला वर्षमा सूचना प्रविधि, सुरक्षा निकायको तयारी र नागरिकको जागरुकताले ठुलो परिवर्तन ल्याएको छ ।”

**समयमै सूचना, समयमै उद्धार**

सशस्त्र प्रहरी बल, नेपाल नं ७ वैद्यनाथ वाहिनी मुख्यालयका वाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक (डिआइजी) दिग्विजय सुवेदीका अनुसार सफल उद्धारको आधार आधुनिक उपकरणसँगै समयमै प्राप्त हुने सूचना पनि हो । त्यसैले सशस्त्र प्रहरीले विपद् व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगसँगै समुदायसँगको सहकार्यलाई पनि जोड दिएको छ ।

त्यसका लागि समुदाय विपद् स्वयंसेवक र वडातहसम्म विपद् सूचक सञ्जालमार्फत सहकार्यको हात बढाइएको डिआइजी सुवेदीले बताउनुभयो । उहाँका अनुसार समुदायसँगको प्रत्यक्ष सम्पर्कले जोखिमको सूचना छिटो प्राप्त हुन्छ र उद्धार टोलीलाई समयमै परिचालन गर्न सहज बनाउँछ ।

सशस्त्र प्रहरी बल नेपाल, कैलालीका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक (एसपी) खुमबहादुर केसी पनि विपद्को पहिलो सूचना नै सबैभन्दा महत्वपूर्ण हुने बताउनुहुन्छ । उहाँका अनुसार उद्धारकर्तासँग सीप र उपकरण भए पनि सूचना ढिलो पुग्यो भने क्षति बढ्न सक्छ । त्यसैले सूचना प्रणालीलाई प्रविधि र समुदाय दुवैसँग जोडिएको छ ।

**गाउँ-टोलमै विपद् स्वयंसेवक**

सशस्त्र प्रहरी बलले देशभरजस्तै सुदूरपश्चिममा विपद् व्यवस्थापनको नयाँ अभ्यास गरिरहेको छ । गाउँ-टोलसम्म समुदाय विपद् स्वयंसेवक र विपद् सूचक सञ्जाल बनाइएको छ । घटना हुनेबित्तिकै ती सञ्जालमा रहेका व्यक्तिले सुरक्षा निकायलाई खबर गर्छन् । यही प्रारम्भिक सूचनाले धेरैपटक उद्धारको गति निर्धारण गर्छ । डिआइजी सुवेदीका अनुसार प्रदेशभर नौ सयभन्दा बढी समुदाय विपद् स्वयंसेवक तयार गरिएका छन् । यसरी तयार गरिएका अधिकांश स्वयंसेवकलाई पाठ्यक्रममा आधारित १८ दिने तालिम दिइएको छ ।

वडा तहसम्म सूचना सञ्जाल विस्तार गरी १९ हजारभन्दा बढी विपद् सूचक परिचालन गरिएका छन् । “उनीहरूले ११११४ नम्बरमार्फत तत्काल विपद् तथा सुरक्षासम्बन्धी सूचना उपलब्ध गराउँछन्, जसले हामीलाई परिचालित हुन सहयोग पुगेको छ”, उहाँ भन्नुहुन्छ, “एकोहोरो सूचना लिने मात्रै होइन, बेलाबेला हाम्रो योजना र उहाँहरूका अपेक्षाबारे पनि कुराकानी हुन्छ । समुदायसँग जोडिन र सूचना आदानप्रदान गर्न यो अभ्यास निकै उपयोगी भइरहेको छ ।”

विपद् स्वयंसेवक लक्ष्मण दमाई यस प्रकारको सञ्जाल र सामुदायिक साझेदारी विपद्सँग जुध्न र समस्यामा परेकाहरूको उद्दार गर्न निकै उपयोगी र प्रभावकारी भइरहेको बताउनुहुन्छ । “यही साउन १२ गते महाकालीमा फसेका रामबहादुर सिंहको उद्धारका लागि हामीले नै सूचना दिएका थियौं । त्यो एउटा सूचनाले उहाँको ज्यान बच्यो । विपद्को समयमा तत्काल सूचना दिने सञ्जाल नबनेको भए यो सम्भव नहुन पनि सक्थ्यो । यसर्थ विपद्सँग जुध्न र छिटो उद्धार गर्न यसले निकै सहयोग पुगिरहेको छ”, उहाँले भन्नुभयो ।

विपद्सँग लड्ने सबैभन्दा प्रभावकारी उपाय भनेको समयमै सूचना, दक्ष जनशक्तिको छिटो परिचालन र समुदायको सक्रिय सहभागिता हो । पछिल्लो समय सशस्त्र प्रहरी बलले देशभर कार्यान्वयन गरिरहेको सूचना प्रणाली र सक्रियताले विपद् उद्धार तथा प्रतिकार्यमा राम्रो उदाहरण दिइरहेको छ । “जब समुदाय स्वयं पहिलो सूचना प्रणाली बन्छ, प्रविधिले त्यसलाई तुरुन्तै उद्धार प्रणालीसँग जोड्छ, तब सुरक्षा निकाय तत्काल परिचालित हुन्छ । यसले विपद् केबल क्षतिको कथा बन्न छोड्छ, त्यो आवश्यक तयारी, सहकार्य र जीवन बचाउने साझा आधार बन्छ”, एसपी केसी भन्नुहुन्छ ।

**प्रविधिले बोलाउँछ उद्धार टोली**

हाल विपद्को सूचना केबल फोन कलमा सीमित छैन । सशस्त्र प्रहरीले सञ्चालन गरिरहेको ‘लुना आइओटी प्रणाली’ पनि विपद् प्रतिकार्यमा निकै उपयोगी भएको छ । प्राप्त जानकारीअनुसार यस प्रणालीले केही सेकेण्डमै उद्धार केन्द्रलाई सचेत गराउन सक्छ । सूचना प्रणालीमा जडित उपकरणको हरियो बटन केही क्षण थिच्नेबित्तिकै घटनास्थल (जीपीएसमार्फत) सहितको सूचना नियन्त्रण कक्षमा पुग्छ । साइरन बज्छ । स्क्रिनमा घटनास्थल देखिन्छ । त्यही आधारमा सबैभन्दा नजिकको उद्धार टोली तत्काल परिचालित हुन्छ ।

यसका अतिरिक्त मोबाइल एप र टोल-फ्री नम्बर ११११४ मार्फत पनि बाढी, पहिरो, आगलागी तथा अन्य विपद्का सूचना पठाउने व्यवस्था गरिएको वैद्यनाथ बाहिनीले जनाएको छ । यी प्रविधिले सूचना पुग्ने समय घटाएको छ भने समुदायले सूचना पुग्ने पहुँच विस्तार गरेको छ ।

सशस्त्र प्रहरीले सुदूरपश्चिममा तीन वटा करिडोर पहिचान गरी विपद् जोखिम न्यूनीकरण र प्रतिकार्य योजना बनाएको छ । सडक दुर्घटना हुने लोकमार्ग, नदी करिडोर तथा पहिरो र डुबान प्रभावित क्षेत्रलाई प्राथमिक जोखिम क्षेत्रका रूपमा पहिचान गरिएको जनाइएको छ ।

त्यसअनुसार कैलालीको डुडेझारी, डोटीको बुडर र डडेल्धुराको अमरगढीमा विपद् व्यवस्थापन ‘डेस्क’ स्थापना गरिएका छन् । कैलालीको चुरे, बझाङको चैनपुर, बैतडीको पुर्चौडी, अछामको तासीलगायत नौ स्थानमा अस्थायी मनसुन प्रतिकार्य टोली तयारी अवस्थामा छन् । हाल आवश्यक पर्दा करिब एक हजार दक्ष जनशक्ति एकैपटक परिचालन गर्न सकिने व्यवस्था छ । तीमध्ये ३२० जना विशेष तालिम प्राप्त उद्धारकर्मी र १२ जना गोताखोर तयारी अवस्थामा रहेका डिआइजी सुवेदीले जानकारी दिनुभयो ।

**अबको चुनौती र अपेक्षा**

कठिन भूगोल र प्राकृतिक अवस्थाका कारण नेपाल विपद्को उच्च जोखिममा छ । त्यसैमा जलवायु परिवर्तनले थप चुनौती निम्त्याइरहेको छ । मौसमको स्वरूप परिवर्तन हुँदै गएको छ । लामो समय पानी नपरे पनि केही घण्टाको मुसलधारे वर्षाले ठुलो क्षति निम्त्याउने क्रम बढिरहेको छ ।

सुदूरपश्चिम त झन् जोखिममा छ । यहाँ पछिल्ला दश वर्षमा बाढी, पहिरो, भारी वर्षा र चट्याङका एक हजार ३२९ मनसुनजन्य विपद्का घटना भएको तथ्याङ्क छ । ती घटनामा २७७ जनाले ज्यान गुमाए भने ५४ जना बेपत्ता भए । यस्तै, ६७५ जना घाइते भए र १० हजार ७०० परिवार प्रत्यक्ष प्रभावित भए । हजारौं घर, पुल, गोठ र पशुचौपायामा क्षति पुग्यो ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८१ मा २६१ मनसुनजन्य घटना हुँदा ३२ जनाको मृत्यु भएको थियो । गत आर्थिक वर्ष असार २६ गतेसम्म सर्पदंश, आगलागी, जनावरको आक्रमण, भारी वर्षा, बाढीलगायत विभिन्न विपद्का ९२६ घटना भए । ती घटनामा ३५ जनाको मृत्यु भयो भने एक हजार ४२८ परिवार प्रभावित भए ।

जल तथा मौसम विज्ञान कार्यालय, अत्तरियाका अनुसार यस वर्षको मनसुनजन्य जोखिम विश्लेषणमा सुदूरपश्चिममा सात हजार ६०३ परिवारका ३३ हजार २२७ जना प्रभावित हुने अनुमान रहेको छ । जिल्लागत हिसाबमा कञ्चनपुरमा सबैभन्दा बढी सात हजार १३२ र सबैभन्दा कम दार्चुलामा एक हजार ४६७ जना प्रभावित हुने अनुमान छ । यस्तै, कैलालीमा छ हजार १९५, डोटीमा चार हजार ८२०, बाजुरामा तीन हजार ७७६, बैतडीमा तीन हजार ३६२, बझाङमा एक हजार ७६४ र अछाममा एक हजार ६०२ जना प्रभावित हुने तथ्याङ्क छ ।

जोखिमको यस्तो अवस्थामा विपद् जोखिम न्यूनीकरणका लागि तीनै तहका सरकारले विभिन्न संरचना र विकास साझेदारको सहयोगमा विविध कार्यक्रम गरिरहेका छन् । स्थानीय तहसँगको सहकार्य पनि क्रमश: सुदृढ बन्दै गएको छ । यही सहकार्यका कारण सशस्त्र प्रहरी बललाई गत आर्थिक वर्षमा विभिन्न १० वटा पालिकाबाट १० वटा ‘र्‍याफ्ट बोट’ प्राप्त भएपछि उद्धार क्षमता अझ विस्तार भएको छ । नेपाली सेना, नेपाल प्रहरी, स्थानीय प्रशासन र स्थानीय सरकारबिचको समन्वयले प्रतिकार्यलाई थप प्रभावकारी बनाएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ ।

करिब २७ लाख जनसङ्ख्या, नौ वटा जिल्लाको जटिल भूगोल, महाकाली, कर्णाली, सेतीजस्ता ठुला नदी भएकाले यहाँ सबै तहले थप तयारी र सतर्कता अपनाउन जरुरी रहेको जानकारहरू बताउँछन् । हाल प्रदेशभर हुने डुबानलगायत समस्यामा उद्धारका लागि सशस्त्रसँग १२ जना मात्रै गोताखोर छन् । तिनलाई परिचालनका लागि पर्याप्त स्रोतसाधन छैन, तर प्रदेश सरकारले छुट्याएको बजेटसमेत खर्च हुन सकिरहेको छैन । गत आर्थिक वर्षमा उद्धार उपकरणलगायत सामग्री खरिद र गोताखोरलाई तालिम दिने भनेर प्रदेश सरकारले छुट्याएको बजेटसमेत खर्च गरिएन ।

# हामी नेपाली विवेकी होऔँ !

'मजदुर' को 'विचार' कोलममा योगेन्द्रमानको 'प्यालेस्टिनी जनताका बारेमा किन बोल्नुपर्छ ?' भन्ने शीर्षकको विचार पढेँ ।

हो त, 'वर्ल्ड कप हुँदा अर्जेन्टिना, स्पेनलगायत आफूलाई मनपर्ने देशको झन्डालाई टोलै ढाक्ने गरी प्लेकार्ड झुन्ड्याएको छ भने पीडित प्यालेस्टिनी जनताको पक्षमा किन नलिने ?

राणा कालको अन्त अन्ततिर भक्तपुरका केही ठुला-बडा सम्झिएका गाउँ र नगरका परिवारहरू आफूलाई नै शासक सम्झी राणाविरोधी युवाहरूलाई 'काङ्ग्रेस' र 'भारतका दलाल' भनी जेलमा कोच्न दिन्थे ।

पञ्चायती कालका ती नै परिवारहरूले 'प्रगतिशील' र 'गरिब किसानका पक्षका' व्यक्तिहरूलाई अनेक आरोप लगाएर वा निहुँ खोजेर लाठीचार्ज गर्न दिन्थे । केही गुन्डा युवाहरू खुबै फूर्ति गरेर झगडा गर्ने निहुँ खोज्दै गर्थे । ती परिवारका व्यक्तिहरू किन त्यसरी आक्रामक हुँदा रहेछन् भनी सोच्दा थाहा भयो, तिनीहरूका मालिकहरूले 'तिमीहरूले मान्छे मारेर आऊ, २४ घण्टाभन्दा बढी थुन्न लगाउँदैनौं, अनेक जुक्ति गरेर छुटाउछौँ, डराउनु पर्दैन' भन्ने आश्वासन दिन्थे र त्यसरी नै ती निश्चित परिवारका व्यक्तिहरू स्कूल, कलेज, अस्पताल र अनेक कार्यालय, टोल र गाउँमा धाक लगाएर हिँड्थे ।

त्यसबेलाको उखानै थियो, 'कर्कलो भाँच्न तरबार चाहिँदैन र जनता तर्साउन निहुँ चाहिँदैन ', बाबु शत्रु र जनता मित्र कहिल्यै हुँदैन ।'

अहिले पनि नेपालका जिल्ला, प्रदेश र नगरहरूमा जस्तै भक्तपुरमा पनि त्यस्ता संस्कार बोकेका परिवार र व्यक्तिहरू जतातै छरिएका छन् । तिनीहरू नै प्रशासनका नयाँ हाकिमहरू, स्कूल, कलेज र अस्पतालहरूमा समेत धाक, धम्कीले तर्साउन चाहन्छन् । तर, भक्तपुरका जनता र प्रगतिशील युवाहरू आफ्नो परिवारको धाक लगाउनुभन्दा पनि जनताका छोराछोरी, युवा, विद्यार्थी र गरिबहरूको सेवा गर्न, शिक्षित बनाउन समर्पित छन् । त्यस्ता परिवारको धाक दिने र सरकारको धाक दिनेहरूलाई सबै जनताले चिनिराख्नु आवश्यक छ । समाजमा नक्कली प्रहरी, नक्कली डाक्टर र म्यानपावर कम्पनी र सरकारका मानिस भनी ठग्ने र तर्साउनेहरूको कमी छैन ।

एसिया र संसारमा नेपालीहरू अत्यन्त अल्पमतमा छन् । त्यस्तै नेपालभित्र पनि विभिन्न जात-जातिहरू र भाषाभाषीहरूमा पनि कम सङ्ख्या र प्रतिशतका छन् । जनसङ्ख्या बढी भएका शासक, जाति र भाषाभाषीले अरुलाई हेलाहोचो गर्ने छुट पाएमा इजरायलमा 'प्यालेस्टिनी'हरू जस्तै दमन सहनु पर्नेछ । इजरायल भन्ने देशमा पनि यहुदीहरू बहुमतमा छन् र प्यालेस्टिनी र अन्य जाति र धर्मकाहरू अल्पमतमा छन् । भारतमा पनि हिन्दू बहुमतले दमन गर्ने नीति लिएमा धेरै धेरै अन्य जात र धर्मका जनताले दु:ख पाउनेछन् । यसकारण नेपाली जनता र नेपालभित्रै पनि बहुमतको 'तानाशाही' र 'अत्याचार' को विरोधमा सङ्घर्ष गर्ने भावना मऱ्यो भने दु:खी गरिबहरूले संसारमा बाँच्न गाऱ्हो हुनेछ र न्याय पाउने छैनन् ।

यसकारण, सबै नेपाली जनताले एक आपसमा बलियोले कमजोरलाई दबाउने र हाँक देखाउने घमण्डबाट जोगिन आवश्यक छ । कुनै देशमा त्यस्तो अत्याचारको विरोध गर्नुपर्छ र कतैबाट या अरूले हामी नेपालीलाई थिचोमिचो गऱ्यो भने हाम्रो पक्षमा विदेशी जनताले हाम्रो पक्ष लिनेछन् । संरा अमेरिकाको साम्राज्यवादी र भारतको मोदी सरकारको नीति विस्तारवादी छ । त्यसको विरोध जरूरी छ । अमेरिकी राष्ट्रपति ट्रम्पले युद्ध अपराधीको रूपमा संयुक्त राष्ट्र सङ्घको एक न्याय समितिले नै घोषणा गरेको व्यक्ति इजरायली प्रधानमन्त्री नेतन्याहुलाई समर्थन गर्दै छन्, जुन उचित छैन ।

***- एक शुभचिन्तक***

# युवाहरूबिच 'श्रमिक' साप्ताहिकको अन्तरक्रिया

भक्तपुर २२, साउन । नेपाल क्रान्तिकारी युवा सङ्घ चाँगुनारायण नगर समितिद्वारा शुक्रबार श्रमिक साप्ताहिक पत्रिकामा प्रकाशित लेख रचनाबारे अन्तरक्रिया सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले पार्टी प्रकाशनको अन्तरक्रिया तथा छलफल कार्यक्रमले युवाहरूमा पठन संस्कृतिको विकास हुने उल्लेख गर्दै नयाँ पुस्तालाई लागूपदार्थ दुर्व्यसनी र अपराधजन्य क्रियाकलापबाट जोगाएर देश र जनताप्रति जिम्मेवार बनाउनु जरुरी रहेको आवश्यकता औँल्याउनुभयो ।

अध्यक्ष फोजुले भन्नुभयो, "अमेरिकी साम्राज्यवादको साथ र सहयोगमा निर्वाचन जितेर सरकारमा पुगेको रास्वपाले नेपाली जनताको टाउकोमा करको भार थोपरेको छ । दलाई लामाका समर्थकहरूलाई चलखेल गर्ने अवसर दिएर नेपालको एक चीन नीतिविरुद्धको गतिविधिमा सरकार मौन बसिरहेको छ । यसले नेपालको सार्वभौमिकता धरापमा पर्ने भएकोले युवाहरू सचेत हुनु जरुरी छ ।"

नेपाल क्रान्तिकारी युवा सङ्घका अध्यक्ष मिनबहादुर बाटाले साम्राज्यवादी अमेरिकाद्वारा प्रायोजित रङ्गीन क्रान्तिले विश्वका विभिन्न देशमा 'छद्म युद्ध' सञ्चालन गरिहेकोतर्फ युवाहरू चनाखो हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ चाँगुनारायण नगर समितिका अध्यक्ष एल. एन. एल.को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा एस. डी., सरोज तामाङ, केएच पी, सुशान्त सुवाल, सुजन दुवाल, बासुदेव घोरसाइनेलगायतले अध्ययनको सार प्रस्तुत गर्नुभएको थियो ।

# जुम्ला लिही गाउँमा जनतासँग भेटघाट

जुम्ला, २३ साउन । समाजवादी गणतन्त्रको प्रचार अभियान र जनतासँग भेटघाट गर्ने कार्यक्रम शुक्रबार तिला गाउँपालिका वडा नं. २ स्थित लिही गाउँमा पनि भयो ।

उक्त भेटघाट तथा प्रचारात्मक अभियानमा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले पुँजीवादी व्यवस्था अन्त्य गर्न कम्युनिस्ट पार्टीको सिद्धान्त र विचार जनताको घर आँगनमा पुऱ्याई समाजवादी प्रचार अभियान गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

देश र जनताप्रति समर्पित भएर नेमकिपा सङ्घर्षरत रहेको उल्लेख गर्दै उहाँले पुँजीवाद र समाजवादको भेदबारे जनतालाई सुसूचित गर्नुपर्ने बताउनुभयो ।

नेमकिपा जिल्ला समिति जुम्लाका सदस्य मानबहादुर बोहराले नेमकिपाले देश र जनताको निम्ति गर्दै आएको आन्दोलन र सङ्घर्षबारे चर्चा गर्दै विगतदेखि हालसम्मका सरकारहरू बहुमत जनताको पक्षमा नरहेको उल्लेख गर्नुभयो ।

नेमकिपा तिला गाउँपालिकाका अध्यक्ष मनोज बोहराको सभापतित्वमा भएको सो कार्यक्रममा सिँजा गाउँपालिका वडा नं. ६ का वडाध्यक्ष लालबहादुर बुढा, नेपाल क्रान्तिकारी मजदुर सङ्घका जिल्ला अध्यक्ष हर्षबहादुर बोहरालगायतले नेमकिपा देश र जनताप्रति समर्पित भएर जनचेतना जगाउने काममा लागिरहेको बताउनुभयो ।

***देशको...***

बैङ्किङ कसुर (चेक बाउन्स) अन्तर्गत अर्थात् १२ हजार ९५० र सार्वजनिक हितविरुद्ध कसुरमा ८ हजार ७०७ मुद्दा दर्ता भएका छन् । यो तथ्याङ्कले गृहमन्त्री भएकाहरू सक्षम नभएको र कमिसनमा लागेको पुष्टि हुन्छ । भनसुनमा पुगेकाहरूले प्रहरी सङ्गठनलाई दुरुपयोग गर्दै आएको पनि पुरानो हो । अहिलेसम्मका शासक नेताहरूको सम्पत्ति छानबिन गरिए यथार्थ सार्वजनिक हुनेछ ।

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - ८०

**लुम्बिनी प्रदेश, रुपन्देही**
**लिला गिरी**

फिल्मी शैलीमा मुलुकको सत्ता परिवर्तन गर्नु रहस्यमय हुन सक्छ । राज्यले निष्पक्षसँग छानबिन गर्नुपर्छ । सरकार सुरक्षा निकाय, नेता सबैका विषयमा कुरा उठेका छन् । पार्टी कार्यालय जलेका छन् । घरवास जलेको छ । व्यवसायी प्रतिष्ठानमा आगजनी भएको छ । सरकारी कार्यालय धेरै जलेका छन् । दोषीविरुद्ध कारबाही हुनुपर्छ । किटानी दिन प्रमाणसहित जाहेरी ल्याउछौँ । वर्तमान सरकारले कारबाही नगर्नू, छोड्दिनू भन्न पाइँदैन । मेरो घर सम्पूर्ण आगजनी भयो । अन्नपात, सम्पत्ति केही बचेको छैन । आयोगले निष्पक्ष रूपमा काम गरोस् ।

**राजु गुरुङ, नेकपा एमाले**

अध्यक्ष गौरीबहादुर कार्कीमाथि प्रश्न चिह्न छ । विगतका आयोगझैँ यो प्रतिवेदन थन्कने त हैन ? निष्पक्षतापूर्वक छानबिन गरी दोषीलाई कारबाही होस् । भदौ २४ गते देशभरि पेशेवर लडाकु मान्छेहरूले लुटपाट, तोडफोड र योजनाबद्ध ढङ्गले आगजनी गरे । गृहमन्त्रीले छोड्न आदेश दिए । दमकल आन्दोलनकारीले हैन प्रहरीले रोकेको बुझियो । सुरक्षा निकायमा पनि घुसपैठ भएको छ । यो अवस्थामा कसरी निर्वाचन हुन्छ ? सरकारले गरेन भने हामीले कारबाही गर्न बाध्य हुन्छौँ ।

**इस्तियाँक अहमद, सिद्धार्थ नगर (मेयर)**

मेरो घर जलेको छ । मेरो घर आगो लाग्दा हाम्रो समुदायले प्रतिकार गरेको भए अर्को घटना घट्दथ्यो । साढे तीन किलो सुनको बिस्कुट हराएको छ । डेढ किलो गहना, रुपैयाँ १ करोड पाँच लाख नगद थियो । हामी नेपाली सोमालियाजस्तो हुँदै छौँ ।

**सांसद भोजराज श्रेष्ठ, प्रदेशसभा सदस्य नेकपा एमाले**

आज जेनजी प्रतिनिधि पनि उपस्थिति हुनुपर्थ्यो । मेरो घरमा १५ जना जेनजी छन् । उनीहरूलाई हतियार बोकाउने कि बुद्धको उपदेश पढाउने ? राजनीतिमा लाग्नु भनेको अपराध हो ? सोध्न चाहन्छु । डेढ महिना भयो, अपराधी समातिएको छैन । आयोग निर्मम रूपमा प्रस्तुत होस् । जेनजी आन्दोलन कसले आयोजना गऱ्यो ? आयोजकहरूले जिम्मेवारी लिनुपर्छ कि पर्दैन ? म भ्रष्टाचारी र आतङ्ककारी भएको प्रमाणित होस् । म अपराधी कसरी भएँ ? मेरो ७६ लाख क्षति भएको छ । आन्दोलन र अपराध बेग्लै विषय हो । हामी त व्यवसायी परिवार हौँ । हाम्रो सम्पतिमाथि छानबिन होस् । "हाम्रो सुरक्षा त छैन, हजुरको कसरी सुरक्षा गर्न सक्छौँ" भनी प्रहरी प्रशासन र प्रमुख जिल्ला अधिकारीबाट समेत किन भनाइ आउँछ ? हाम्रो उजुरी दर्ता भएको छैन । मेरो गाडी क्षति भएको छ । ऋण लिएर घर मर्मत गर्दै छु । हामीले राज्यलाई कर तिरिरहेका छौँ । अब न्याय खोज्न कहाँ जाने ?

**सावत्री अर्याल, उपमेयर बुटवल नयाँ**

ठुलो क्षति बुटवल नगरपालिका कार्यालयमा भएको छ । मैले जेनजीको आन्दोलनमा जान मेरा छोरा छोरीलाई रोक्न सकिन । २४ गते बुटवल नगरपालिका जसरी पनि जोगाउनुपर्छ भनी योजना बनायौँ तर काम प्रभावकारी भएन । करिब ७० प्रतिशत घर ध्वस्त भए । टोलवासीले आगजनी हुन दिएनन् । तर, पनि २४ गते साँझ मेरो घर पनि ध्वस्त भयो । हामी भोलि नेपाली हुन पाउछौँ कि पाउँदैनौँ भन्ने शङ्का उत्पन्न भयो । प्रहरी प्रशासनले पनि प्रतिकार गर्नुस् भनेनन् । सबै राजनैतिक दल अहिले एक ठाउँमा आउनुपर्छ । अपराधीले सजाय पाउनुपर्छ ।

**दीपेन्द्र जि.सी. ड्रिमल्यान्ड रिसोर्ट**

भदौ २४ गते ३:३० बजेबाट तोडफोड लुटपाट सुरु भयो । पाहुनाहरू भएको होटलका रुमबाट अमानवीय ढङ्गले आगो लगाउन सुरु भयो । मणिग्राममा रहेको होटलमा बढी क्षति भएको छ । त्यहाँका Restaurants, cabins, Reception Hall सबै जलाइयो । मेरो होटल रुपन्देहीको पहिलो चारतारे होटल हो । होटलमा रहेको नेपालको झन्डा पनि जलाइएको छ । १५०० जना अट्ने ठूलो हल र बाँकी ६ वटै हलमा आगजनी गरी पूर्ण रूपमा ध्वस्त पारियो । ६०/७० जना अन्तिमसम्म थिए । होटल हाम्रो कब्जामा हो भनी बाहिर जान दिइएन । टीभी, फर्निचर, रक्सीलगायत सबै जलाइयो र धेरै लुटेर लगे । जाँचबुझ आयोगले न्याय देओस् ।

**बिना राना, सैनामैना उपमेयर**

भाग भाग भन्दा भन्दै पनि घरमै बसिरहेँ, कोहीले राजीनामा दिनुस् भने । हाम्रो मेयरको त झन् ३ पटक फर्केर आई आगजनी, तोडफोड गरेका छन् । सार्वजनिक स्थलमा मलाई जुत्ताको माला लगाएर लाने भन्दै थिए । अपराधीहरू खुलेआम हिँडिरहेका छन् । पक्रन माथिल्लोको आदेश नै आएको छैन भन्छ । प्रहरीले दोषीमाथि कारबाही गरोस् ।

**रास्वपा**

प्रहरीले केही गर्दैन र सेना आउन चाहँदैन भन्ने भावनाले जेनजी र अपराधीहरू आन्दोलन गर्न उद्यत भए । भिडियो फुटेज आयोगले पनि खोज्नुपर्छ र छानबिन गर्नुपर्छ ।

**नवराज ढकाल, केचन गाउँपालिका प्रमुख**

मेरो घरको सामान सबै जलाइएको र तोडफोड गरिएको छ । प्रहरीले उजुरी दर्ता गर्न मानेको छैन । सल्लाह गरेर उजुरी प्रहरीमा लगेनौँ । भिडियो सबै हामीसँग सुरक्षित छ । न्याय पाइयोस् ।

**प्रमुख, सैनामैना नगरपालिका**

यस्तो किसिमको आन्दोलन कहिल्यै देखिएन, यो आन्दोलन मानवताहीन आन्दोलन देखियो । भदौ २४ गते ११:०० बजे नगरपालिकामा आन्दोलनकारीहरू गए । केही अराजक व्यक्तिहरू नेताहरूको घरमा मोटरसाइकलमा ३ जनासम्म बसेर बेल्चा, गैंती बोकेर वडा नं.१ देखि १० सम्म दौडिरहेका थिए । मान्छेहरू त्रसित थिए । तेस्रो पटक फर्केर घरका कोठामा गई आगजनी गरे । शिक्षिका (मेरी पत्नी) अझै पनि विक्षिप्त अवस्थामा छिन् । जसले गल्ती गर्छ कारबाही गर्नुस् भनेका छौँ । क्षतिको मूल्याङ्कन जिल्ला मूल्याङ्कन समितिले गरेको छ । यो घटनामा प्रशिक्षित मान्छे ठुल्ठुला पाखुरा भएका स्काउट, रेडक्रसका मान्छेहरू प्रयोग भएका छन् । एक जनालाई मेसेज गर्दा सयौँ मान्छेमा जाने प्रणालीबाट काम गरेका छन् । राष्ट्रिय झन्डा ओढेर अपराध गर्ने, रेडक्रसको ज्याकेट लगाएर तोडफोड गर्न मिल्छ ? हामीले पनि यी अपराधीलाई ठेगान लगाउन सक्छौँ । जेल बसेका, लागूऔषध कारोबारी, सेवन गर्ने र अपराधमा संलग्न मान्छेहरू प्रयोग भएका छन् ।

**उमाकान्त चपाई, जिल्ला समन्वय अध्यक्ष**

गृहमन्त्रीले प्रहरीलाई कारबाही गर्न रोक किन लगाएको ? "तपाईँको सुरक्षा तपाईँले नै गर्नुस्" भनेर प्रहरी प्रशासनले किन भनेको ? जलाउन उत्प्रेरणा गर्नेलाई कारबाही गरिनुपर्छ । हाम्रा पनि युवा छन् प्रयोग गर्न सक्छौँ तर आतङ्कित गर्ने काम हुन्छ भन्ने ठान्छौँ । भैरहवा एयरपोर्टमा पूर्वप्रधानमन्त्री आउँदै छन् भन्ने जस्ता गलत भ्रामक समाचार सम्प्रेषण गर्ने पत्रकारमाथि पनि कारबाही गर्नुपर्छ । अहिले दण्ड गर्न सकिएन भने आगामी दिनमा अझ विकराल अवस्था आउन सक्छ ।

## हार्दिक समवेदना



जन्म : १९९५/०२/२५
निधन: २०८३/०४/१३

नेपाल मजदुर किसान पार्टी सूर्यविनायकन.पा.७ का अग्रज कार्यकर्ता कृष्णबहादुर कोजुकी ममतामयी माता **माइली कोजु**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**नेपाल मजदुर किसान पार्टी**
सूर्यविनायक न.पा.-७, वडा समिति

## बालबालिकालाई डिजिटल जोखिमबाट सुरक्षित गरौं

- बालबालिकालाई सुरक्षित र जिम्मेवार डिजिटल प्रयोगबारे सचेत गराऔं,
- व्यक्तिगत विवरण, पासवर्ड र गोप्य जानकारी सुरक्षित राख्न सिकाऔं,
- अपरिचित व्यक्तिसँग अनलाइन सम्पर्क गर्दा सावधानी अपनाऔं,
- शंकास्पद लिङ्क, सन्देश र सामग्रीबाट टाढा रहन प्रेरित गरौं,
- इन्टरनेट प्रयोगमा अभिभावकीय निगरानी र संवाद बढाऔं,
- सामाजिक सञ्जालको सकारात्मक र मर्यादित प्रयोग गरौं,
- अनलाइन दुर्व्यवहार भए/गरेको पाइएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं।

प्रविधिको सही प्रयोगमार्फत बालबालिकाको सुरक्षित भविष्य निर्माण गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

# चन्द्रागिरीमा भ्रष्टाचारविरुद्ध आन्दोलनको स्मरण

काठमाडौँ, २३ साउन । नेपाल मजदुर किसान पार्टी चन्द्रागिरी नगर समितिको आयोजनामा २०२५ साउन २ गते भएको भ्रष्टाचारीविरुद्ध आन्दोलनको स्मरण कार्यक्रम बलम्बुमा शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले देशको वर्तमान राजनीतिक परिस्थिति र नयाँ सरकारको गतिविधि हेर्दा देशमा सरकार भएको महसुस गर्नै नसकिने बताउनुभयो ।

"देशमा सुशासन र भ्रष्टाचारको अन्त्य गर्छु भनेर सरकारमा पुगेकाले न त सुशासन कायम गऱ्यो न त भ्रष्टाचार नै अन्त्य गऱ्यो । जनताको जनजीविका सहज बनाउन सकेको छैन न ग्यास नै दिन सक्यो न त किसानलाई धान रोपाईंमा मल नै दिन सक्यो न त खाद्यान्नको मूल्य नै नियन्त्रण गर्न सक्यो । अब देशलाई सही ढङ्गले अगाडि बढाउन, जनताको जीवन स्तर उकास्न नेमकिपाको आवश्यकता छ", उहाँले भन्नुभयो ।

जनतालाई सचेत गर्न कार्यकर्ताहरू अध्ययनशील हुनु जरुरी भएको उहाँले बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले पुँजीवादमा भ्रष्टाचार छाया सरह हुने स्पष्ट पार्दै भ्रष्टाचार अन्त्यको लागि समाजवादी व्यवस्था स्थापना गर्नु जरूरी छ भन्नुभयो ।

चन्द्रागिरी नगर समितिका अध्यक्ष रवीन्द्र महर्जनको सभापतित्वमा भएको कार्यक्रममा राजवीर डंगोल, वन्दना श्रेष्ठ, जितबहादुर महर्जन र शान्त महर्जनले पनि बोल्नुभएको थियो ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा